मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## देशमा शान्ति सुव्यवस्था कमजोर गोली चल्नु, कुटपिट हुनु सामान्यः सांसद कार्की

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रतिनिधिसभामा सांसद नितिमा भण्डारी कार्कीले अहिले गोली चल्नु, कुटपिट हुनु सामान्य घटना जस्तो देखिन थालेको टिप्पणी गरेकी छन् ।
प्रतिनिधिसभाको बिहीबारको बैठमा बोल्दै सांसद कार्कीले देशमा दिन प्रतिदिन शान्ति सुव्यवस्था कमजोर बन्दै गएको बताउँदै सरकारको ध्यानाकर्षण गराएकी छन् ।
उनले शान्ति सुरक्षा कायम गर्नु राज्यको पहिलो दायित्व भएको बताउँदै यस्ता घटनामा गृहमन्त्रीले के कस्ता कारवाही गर्नु भएको छ भन्दै प्रश्न समेत गरेकी छन् । उनले देशभरका नागरिकले सुरक्षित रहेको महसुस गर्ने खालको वातावरण निर्माण गर्न सरकारसँग माग गरेकी छन् ।

● वर्ष ४ ● अंक २३२ ● २०८३ साल असार २६ गते शुक्रबार ● Friday 10, July 2026 ● सूर्योदयः बिहान ०५:१७ बजे ● सूर्यास्तः साँझ ०७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेशमा मानसिक स्वास्थ्य संकटः
# सामाजिक लाञ्छना र विशेषज्ञ अभावले
## बढ्दै आत्महत्याको जोखिम !

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका व्यक्तिलाई मधेशको समाजमा अझै पनि हेयको दृष्टिले हेर्ने प्रवृत्ति कायमै छ । कसैलाई मानसिक समस्या भएको थाहा पाएपछि सहजै 'पागल'को संज्ञा दिने सामाजिक मानसिकताका कारण धेरैले आफ्नो अवस्था लुकाउने, परिवारसँग समेत खुलेर कुरा नगर्ने र अस्पतालसम्म पुग्न हिच्किचाउने गरेका छन् । फलस्वरूप सामान्य तनाव, चिन्ता वा डिप्रेसनजस्ता समस्या जटिल अवस्थामा पुगेपछि मात्र विशेषज्ञको पहुँचमा पुग्ने अवस्था देखिएको छ । विश्वभर मानसिक स्वास्थ्य प्रमुख जनस्वास्थ्य चुनौतीका रूपमा स्थापित भइसकेको भए पनि मधेश प्रदेशमा विशेषज्ञ जनशक्तिको अभाव, सामाजिक कलंक, अन्धविश्वास तथा सेवामा सीमित पहुँचका कारण समस्या थप गम्भीर बन्दै गएको सरोकारवालाहरू बताउँछन् ।



- **बढ्दो आत्महत्याको चिन्ताजनक तथ्याङ्क**

मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार प्रदेशमा आत्महत्याका घटनामा पछिल्ला वर्षहरूमा निरन्तर वृद्धि भएको छ ।
२०७७÷७८ – ९५९ जना
२०७८÷७९ – १,०१८ जना
२०७९÷८० – १,१३४ जना
२०८०÷८१ – १,२८८ जना
२०८१÷८२ – १,२६१ जना
निर्देशनालयका अनुसार आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक तथा मनोवैज्ञानिक दबाबसँगै समयमै उपचार नपाउँदा मानसिक स्वास्थ्य समस्या जटिल बन्दै गएको छ । २०८०÷८१मा विष सेवन गरेर आत्महत्या गर्नेको संख्या १८२ पुगेको थियो । तीमध्ये सिराहामा ३८, सप्तरीमा ३१, बारामा २९, धनुषामा २४, रौतहटमा १९, पर्सामा १८, महोत्तरीमा १२ र सर्लाहीमा ११ घटना भएका थिए ।
त्यसै वर्ष झुण्डिएर आत्महत्या गर्नेको संख्या १,१०६ पुगेको थियो । रौतहटमा ३६, सर्लाहीमा ३३, बारामा ३१, धनुषामा ३०, सिराहामा २६, महोत्तरीमा १९, पर्सामा १३ र सप्तरीमा ११ घटना अभिलेख गरिएको निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ ।

- **६४ लाख जनसंख्याका लागि करिब १० जना मनोचिकित्सक**

स्वास्थ्य निर्देशनालयका निर्देशक सरोजचन्द्र न्यौपानेका अनुसार करिब ६४ लाख जनसंख्या रहेको मधेश प्रदेशमा मानसिक रोग विशेषज्ञ (मनोचिकित्सक) करिब १० जना मात्रै छन् । उनका अनुसार मानसिक रोगको उपचारका लागि आवश्यक औषधि खरिद गरी स्वास्थ्य संस्थामा आपूर्ति गरिएको छ । साथै, सामी कार्यक्रमअन्तर्गत १३६ स्थानीय तहमध्ये ९३ स्थानीय तहमा मनोसामाजिक परामर्श सेवा विस्तार गरिएको छ । मनोपरामर्शदाताको अभाव पूर्ति गर्न ६ महिनाको तालिमसमेत सञ्चालन भइरहेको उनले जानकारी दिए ।उनका अनुसार सेवा विस्तारको प्रयास भइरहे पनि दक्ष जनशक्तिको अभाव नै सबैभन्दा ठूलो चुनौती बनेको छ ।

- **किशोरदेखि वयस्कसम्म मानसिक समस्या**

राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण–२०७७ अनुसार १३ देखि १७ वर्ष उमेर समूहका ५.२ प्रतिशत किशोरकिशोरीमा कुनै न कुनै मानसिक स्वास्थ्य समस्या देखिएको छ । सर्वेक्षणअनुसार २.८ प्रतिशतमा चिन्ताजन्य समस्या, ०.६ प्रतिशतमा डिप्रेसन र ३.९ प्रतिशतमा आत्महत्यासम्बन्धी सोच रहेको पाइएको छ । वयस्कमध्ये ३ प्रतिशतमा चिन्ताजन्य समस्या, २.९ प्रतिशतमा डिप्रेसन, ०.२ प्रतिशतमा साइकोसिस तथा ७.२ प्रतिशतमा आत्महत्यासम्बन्धी सोच रहेको उल्लेख गरिएको छ । नेपालमा कुल नसर्ने रोगको भारमध्ये करिब १८ प्रतिशत हिस्सा मानसिक रोगले ओगटेको तथ्याङ्कले देखाउँछ ।

- **परामर्श खोज्नेको संख्या बढ्दो**

मनोवैज्ञानिक परामर्शदाता युगाल किशोर यादवका अनुसार पछिल्ला वर्षमा मानसिक स्वास्थ्यसम्बन्धी परामर्श लिन आउनेको संख्या उल्लेखनीय रूपमा बढेको छ । उनका अनुसार किशोरकिशोरीदेखि वयस्कसम्म मानसिक तनाव, चिन्ता, आत्मविश्वासको कमी, पारिवारिक विवाद, अध्ययन तथा रोजगारीको दबाबका कारण परामर्श खोज्नेहरू बढिरहेका छन् । तर अधिकांशले लामो समयसम्म समस्या लुकाउने भएकाले अवस्था जटिल भएपछि मात्रै उपचार खोज्ने गरेका छन् ।
उचित परामर्श, परिवारको साथ र आवश्यक परे विशेषज्ञ उपचार पाए अधिकांश बिरामीको अवस्थामा सुधार आउने उनले बताए । 'मानसिक स्वास्थ्य समस्या कुनै कमजोरी होइन ।
ज्वरो वा अन्य शारीरिक रोगजस्तै यसको पनि समयमै पहिचान र उपचार आवश्यक हुन्छ । तर अझै पनि धेरै परिवारले मानसिक रोगलाई देवता, भूतप्रेत वा झाँक्रीसँग जोडेर हेर्ने प्रवृत्ति कायम छ,' यादवले भने ।

- **ढिलो उपचारले बढ्दै जटिलता**

प्रादेशिक अस्पताल जनकपुरधामका मनोचिकित्सक डा. तेजनारायण महतोका अनुसार अस्पतालमा दैनिक ३० देखि ३५ जना मानसिक स्वास्थ्यसम्बन्धी बिरामी उपचारका लागि आउने गरेका छन् । उनका अनुसार पछिल्ला केही वर्षयता चिन्ता, डिप्रेसन, अनिद्रा, अत्यधिक तनाव तथा लागूऔषधको असरका कारण मानसिक समस्या लिएर आउने बिरामीको संख्या बढेको छ ।
'धेरै बिरामी उपचारका लागि निकै ढिलो आउँछन् । अझै पनि मानसिक रोगलाई लुकाउनुपर्ने वा सामाजिक लाञ्छनाको विषय मान्ने प्रवृत्ति कायमै छ । बच्चादेखि वृद्धसम्मका बिरामी उपचारका लागि आउने गरेका छन्,' उनले भने । मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. मुक्तिनारायण साहका अनुसार प्रदेशभर मानसिक स्वास्थ्य सेवा विस्तार गर्ने काम अघि बढाइएको छ ।
उनका अनुसार प्रदेशमा रहेका १,३५३ स्वास्थ्य संस्थामा मानसिक स्वास्थ्य सेवा विस्तार गर्ने योजना रहेको छ ।
स्वास्थ्य निर्देशनालयको समन्वयमा मनोपरामर्श तथा मानसिक रोग पहिचानसम्बन्धी तालिम सञ्चालन भइरहेको छ ।
'मानसिक रोगका औषधि खरिद गरिसकेका छौं । छिट्टै निःशुल्क वितरण गर्ने तयारी छ । धेरै बिरामी परामर्शबाटै सुधार हुन्छन् । औषधि आवश्यक परेकालाई निःशुल्क उपलब्ध गराइनेछ । आगामी दिनमा भर्ना गरेर उपचार गर्नुपर्ने बिरामीका लागि पनि आवश्यक पूर्वतयारी भइरहेको छ,' उनले बताए ।

## मोबाइल व्यवसायीमाथि लुटपाटको प्रयास

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको लालबन्दीमा हतियारधारी समूहले मोबाइल व्यवसायीमाथि लुटपाट गर्ने प्रयासका क्रममा गोली प्रहार भएको छ । बुधबार राति लालबन्दी नगरपालिका–७ र ९ को सीमाक्षेत्रमा पर्ने आइडियल स्कुल नजिकैको एकान्त स्थानमा अज्ञात समूहले मोबाइल पसल सञ्चालकमाथि आक्रमण गरेको हो । लालबन्दी नगरपालिका–७ स्थित बजारमा मोबाइल पसल सञ्चालन गर्दै आएका लालबन्दी–९ बस्तीपुरका हरिप्रसाद सापकोटामाथि राति करिब ८ बजेपछि लुटपाटको प्रयास भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) वेदप्रसाद गौतमका अनुसार पसल बन्द गरेर साथीको साथमा मोटरसाइकलमा घर फर्कने क्रममा अर्को मोटरसाइकलमा आएका



अपरिचित व्यक्तिले सापकोटालाई रोकेर लुटपाट गर्न खोजेका थिए ।
सो क्रममा सामान्य झडप भएपछि लुटेरा समूहका हतियार बोकेका व्यक्तिले कटुवा पेस्तोलबाट गोली चलाएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।
घटनास्थलबाट प्रहरीले पड्किसकेका गोलीका दुईवटा खोका बरामद गरेको छ । गोली प्रहार भएपनि सापकोटा र उनीसँगै मोटरसाइकलमा रहेका व्यक्ति दुवै सुरक्षित रहेको डीएसपी गौतमले जानकारी दिए । घटनामा संलग्न व्यक्तिको पहिचान र खोजीका लागि प्रहरीले अनुसन्धान तीव्र बनाएको छ ।
घटनापछि जिल्ला प्रहरी कार्यालय मलङ्गवाबाट डीएसपीको नेतृत्वमा प्रहरी टोली लालबन्दी पुगेको थियो । प्रहरीले राति अबेरसम्म खोजी अभियान सञ्चालन गरेपनि संलग्न व्यक्तिहरू पक्राउ पर्न सकेका छैनन् । मोबाइल व्यवसायीमाथि भएको गोली प्रहारको घटनापछि लालबन्दी क्षेत्रका व्यवसायी र स्थानीयवासीमा सुरक्षा चिन्ता बढेको छ । लालबन्दी नगरपालिका–९ का वडा सदस्य विनोद तिमल्सिनाले घटनाले स्थानीयमा असुरक्षाको भावना बढाएको बताए ।

## मौलापुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नपठाएको भन्दै प्रधानमन्त्रीको पुतला दहन

मधेशदृष्टि
रौतहट ।
रौतहटको मौलापुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नपठाएको विरोधमा स्थानीयले प्रधानमन्त्री वालेन्द्र शाहको पुतला दहन गरेका छन् । बिहीबार स्थानीयले नगरपालिकालाई लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृतविहीन बनाएर बजेट कार्यान्वयन र प्रशासनिक सेवा प्रभावित पारेको आरोप लगाउँदै प्रदर्शनसहित प्रधानमन्त्रीको पुतला दहन गरेका हुन् ।
प्रदर्शनकारीहरूका अनुसार प्रमुख प्रशासकीय अधिकृतको अभावका कारण नगरपालिकाको बजेट कार्यान्वयन प्रभावित भएको छ भने विकास निर्माणका योजना समेत



ठप्प हुने अवस्था सिर्जना भएको छ ।
उनीहरूले नगरपालिकालाई जानाजानी प्रशासकीय नेतृत्वविहीन बनाई बजेट फ्रिज गराउने प्रयास भइरहेको दाबी गरेका छन् । विरोध प्रदर्शनका क्रममा सहभागीहरूले 'बिजुली–पानीको भुक्तानी गर', 'सम्मानित अदालतको आदेश पालन गर', 'मौलापुरलाई हाकिमविहीन बनाउने षड्यन्त्र बन्द गर', 'मौलापुरमा तत्काल प्रमुख प्रशासकीय अधिकृत पठाऊ', 'मौलापुरको बजेट फ्रिज गर्न पाइँदैन'

*बाँकी पृष्ठ २ मा*

## '२ घण्टा लाइन बस्दा पनि भन्सार भएन':
# वीरगंज भन्सारबाट भारतीय पर्यटक फर्किए
## दलाली र अव्यवस्थाको आरोपसहित भिडियो भाइरल

**हरिशंकर शर्मा**
**वीरगंज ।**
नेपालको प्रमुख स्थलमार्ग प्रवेशद्वार वीरगंज नाकामा चारपाङ्ग्रे सवारीसाधनको भन्सार प्रक्रियामा भएको भनिएको अव्यवस्था र ढिलासुस्तीका कारण भारतीय पर्यटकले सास्ती खेप्नुपरेको आरोप लगाउँदै सार्वजनिक गरेको भिडियो सामाजिक सञ्जालमा तीव्र रूपमा भाइरल बनेको छ । भिडियोमा देखिएका पर्यटकले घण्टौं लाइनमा बसेर पनि भन्सार प्रक्रिया पूरा हुन नसकेपछि निराश भएर पुनः भारत फर्किनुपरेको बताएका छन् । पर्यटकका अनुसार उनीहरू नेपाल घुम्ने उद्देश्यले रक्सौल हुँदै वीरगंज नाका पुगेका थिए । तर चारपाङ्ग्रे सवारीको अस्थायी भन्सार गराउने क्रममा कार्यालयमा लामो समयसम्म प्रतीक्षा गर्दा पनि प्रक्रिया पूरा हुन नसकेपछि बाध्य भएर नेपाल प्रवेश नगरी भारततर्फ नै फर्किनुपरेको उनीहरूको गुनासो छ ।
भिडियोमा एक भारतीय पर्यटकले आफू दुई घण्टाभन्दा बढी समय लाइनमा बसेपनि भन्सार हुन नसकेको बताएका छन् । उनका अनुसार सुरुमा टिकट काट्न लगाइयो, त्यसपछि अर्को काउन्टरमा पठाइयो, तर त्यहाँ पनि लामो समयसम्म पालो नआएपछि अन्ततः यात्रा नै रद्द गरेर फर्किनुपरेको अवस्था सिर्जना भयो । पर्यटकहरूले भन्सार कार्यालयको व्यवस्थापन




अत्यन्त कमजोर रहेको आरोप लगाएका छन् । उनीहरूको दाबी अनुसार लाइनमा बसेका सेवाग्राहीको काम अघि नबढ्ने, तर केही व्यक्तिहरू भने भित्रैबाट आएर छिटो भन्सार गराएर निस्किने गरेको देखिएको थियो । यसले भन्सार कार्यालयमा दलाली प्रणाली हावी भएको आशंका उनीहरूले व्यक्त गरेका छन् ।
उनीहरूले सीमा क्षेत्रमा अत्यधिक चेकजाँचका कारण पनि अनावश्यक झन्झट व्यहोर्नुपरेको बताएका छन् । रक्सौलदेखि वीरगंज भन्सार कार्यालयसम्म पुग्ने छोटो दूरीमै तीन स्थानमा चेकजाँच गरिनु पर्यटकमैत्री वातावरण विपरीत भएको उनीहरूको भनाइ छ । चेकजाँचका क्रममा हुने ढिलाइ र प्रक्रिया दोहोरिँदा यात्रुहरू थप हैरानीमा पर्ने गरेको उनीहरूले बताएका छन् । लाइन व्यवस्थापन प्रभावकारी बनाउन त्यहाँ खटिएका सुरक्षाकर्मीलाई आग्रह गर्दा पनि अपेक्षित सहयोग नपाएको आरोपसमेत भिडियोमा गरिएको छ । सशस्त्र प्रहरी र नेपाल प्रहरीको उपस्थितिका बाबजुद सेवाग्राहीको भीड व्यवस्थित हुन नसकेको उनीहरूको दाबी छ ।
नेपाल सरकारले पर्यटन प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राख्दै विदेशी पर्यटक आकर्षित गर्न विभिन्न योजना अघि बढाइरहेको अवस्थामा सीमा नाकामै देखिएको यस्तो अव्यवस्थाले देशको पर्यटन छविमाथि नकारात्मक असर पर्न सक्ने चिन्ता व्यक्त हुन थालेको छ । स्थलमार्गबाट नेपाल भ्रमण गर्ने भारतीय पर्यटकको पहिलो अनुभव नै झन्झटपूर्ण बनेमा त्यसले पर्यटन क्षेत्रमै दीर्घकालीन प्रभाव पार्न सक्ने पर्यटन व्यवसायीहरूको भनाइ छ ।
भिडियोमा बोल्ने भारतीय पर्यटकले आफूले भोगेको अनुभव सुनाउँदै अन्य भारतीय नागरिकलाई समेत यस्तो अवस्था सुधार नभएसम्म नेपाल भ्रमणबारे पुनर्विचार गर्न आग्रह गरेका छन् ।
उक्त अभिव्यक्तिले सामाजिक सञ्जालमा व्यापक बहस समेत उत्पन्न गरेको छ । यद्यपि, भिडियोमा लगाइएका आरोपबारे वीरगंज भन्सार कार्यालय, नेपाल प्रहरी तथा सम्बन्धित निकायले हालसम्म औपचारिक प्रतिक्रिया सार्वजनिक गरेका छैनन् । सीमा नाकामा सेवाप्रवाह, लाइन व्यवस्थापन तथा भन्सार प्रक्रियालाई थप पारदर्शी, छिटोछरितो र पर्यटकमैत्री बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण आवश्यक देखिएको छ ।

हार्भेस्टर किन्नु अघि
यो कुरा अवश्य सोच्नुहोस्!
हार्बेस्टर बेच्ने धेरै छन्,
तर भरपर्दो स्पेयर पार्ट्स् र सर्भिस दिने कति छन्
हार्बेस्टर सिजनमा एक दिन पनि बन्द भयो भने किसानलाई ठूलो आर्थिक नोक्सानी हुन सक्छ ।
आज धेरै हार्भेस्टरहरू स्पेयर पार्ट्सको अभाव र समयमा सर्भिस नपाउँदा प्रयोगविहीन बनेका छन् ।
किन रोज्ने त्रिशक्ति ट्रेक्टर, वीरगंज ?
हार्भेस्टरका विशाल स्पेयर पार्ट्स स्टक सधैं उपलब्ध ।
आवश्यक स्पेयर पार्ट्स २४ घण्टाभित्र तपाईंको स्थानसम्म डेलिभरी ।
दक्ष र अनुभवी सर्भिस इन्जिनियरहरूको टोली ।
आवश्यक परे २४ घण्टाभित्र घरदैलोमै सर्भिस ।
आधुनिक सर्भिस स्टेशन ।
२५ वर्षभन्दा बढीको अनुभव र हजारौं किसानको विश्वास ।
हामी केवल हार्बेस्टर बेच्दैनौं, बिक्रीपछिको सेवाको पनि पूर्ण जिम्मेवारी लिन्छौं ।




त्रिशक्ति ट्रेक्टर, वीरगंज
किसानको विश्वास, हाम्रो प्रतिबद्धता !
सम्पर्क: 98550 21281

# कारागारमा उत्पादित सामग्रीको माग घट्यो



चितवन।
कुनै समय कारागार कार्यालयमा उत्पादित सामग्री भनेपछि सबैलाई महत्वका साथ खरिद गर्दथे । अहिले कारागाबाट उत्पादित सामग्रीको माग घटेको छ । यहाँस्थित कारागार कार्यालयमा मुढा, गलैँचा, झोलालगायतका सामग्री बिक्री हुने गर्दथ्यो । तर अहिले माग घटेको कारागारमा रहेका बन्दीहरुले गुनासो गरेका छन्।

विगतका वर्षहरुमा बजार सहज हुँदा कारागार कार्यालयमा बन्दी जीवन बिताइरहेका आफ्नो खर्च र परिवारलाई केही सहयोग पु¥याउँदै आएका थिए । तर अहिले त्यस्तो छैन । कारागारमा विगत १३ वर्षदेखि बन्दी जीवन बिताउँदै आएका विकास प्रर्जा (परिवर्तीत नाम) अहिले मुढाको माग घट्दा समस्या भएको बताउँछन् । उनले भने, 'पहिलेको तुलनामा मुढाको माघ घट्दै गएको छ ।' बन्दी जीवन बिताउँदै गर्दा मानसिक र शारीरिक रुपमा आफूलाई व्यस्त राख्नका लागि मुढा बुन्ने गरेको भएपनि अहिले मुढाको माग घटेको उनले बताए।

विगतमा सीमित कारागारमा यस्ता तालिमहरु हुने र उत्पादन गर्ने गरेको भएपनि अहिले हरेक कारागारमा सीपमूलक तालिम नहुने र उत्पादन पनि धेरैतिर हुँदा माग घटेको उनले बताए । उनका अनुसार पहिलेको तुलनामा अहिले माग घटेपछि ५० प्रतिशत उत्पादन घटेको छ । उनले थपे, 'चार्डपर्वको समयमा केही माग बढ्छ की भन्ने आशामा छौँ।'

यस कारागारमा विगतमा मुढा बुनेर आफ्नो गुजारा चलाउने बन्दीको संख्या २०० हाराहारी हुने भएपनि अहिले यो घटेर ७५ मा झरेको छ । माग बढ्न नसक्दा कामदारको संख्या पनि घटेको उनले बताए । कारागारभित्रै आफ्नो कम्पनीमा पहिला ४०÷४५ जना बन्दीहरुले काम गर्ने गरेको भएपनि अहिले १८ जना मात्रै रहेको उनले बताए । लामो समय बन्दी जीवन बिताउनु पर्नेहरुले मुढासँगै गलैँचा बनाउने काम समेत गर्दै आएका छन् । कतिपय मुढा बन्ने बन्दीहरु गलैँचा बुन्न गएको उनले बताए । पछिल्ला वर्षहरुमा प्लाष्टिकका कुसी र मुढाको प्रचलन वढेपछि बाँसका मुढाको माग घटेको उनले बताए पहिला महिनामा ५०० हाराहारी मुढा उत्पादन हुने गरेको यस कारागारमा अहिले ३०० हाराहारी मात्रै मुढा उत्पादन हुँदै आएको छ। स्पेसल र स्थानीय गरी दुई प्रकारका मुढा बनाइने यहाँ अहिले स्थानीय मात्रै बनाईदै आईएको छ।

बन्दी जीवन बिताउँदै आएका रामु प्रर्जा (परिवर्तित नाम) अहिले गलैचा बन्ने काम गर्दै आएका छन् । विगतका वर्षको तुलनामा पछिल्ला केही वर्ष गलैँचाको माग कम भएपछि पहिलेको जस्तो व्यापार हुन छाडेको उनले बताए। गलैँचा बुन्नका लागि साइजअनुसार समय लाग्ने र स्क्वायर फिटका हिसाबले पैसा लिने गरेका बन्दीहरु गलैँचा किन्ने ग्राहक नआउँदा काम गर्ने जाँगर हट्दै गएको उनले बताए । उनले भने, 'दिनभरि काम गर्दा अन्य कुरामा ध्यान जाने थिएन अहिले फुर्सद हुँदा समस्या भएको छ ।' यस पेसामा ६५ जना बन्दीहरु आबद्ध रहेका छन् । आफ्नो कामअनुसारको कमाइ हुने भएपनि व्यस्त रहन पाउँदा निकै रमाइलो हुने गरेको उनले सुनाए। मासिक १५ देखि १८ वटा गलैँचा उत्पादन हुँदै आएकोमा अहिले यो संख्या पनि घटेको छ।

कारागार कार्यालयका निमित्त प्रमुख चेतनाथ ढुङ्गाना यहाँ रहेका बन्दीहरु हाँसी खुसी आय आर्जनका काम गर्दै आएको बताउँछन् । उनले भने, 'अहिले माग घट्दा केही निरासा भने बन्दीमा छाएको छ ।' राम्रो बजार हुँदा मासिक रु १५ हजारसम्म यहाँका कैदीबन्दीले कमाउने गरेका थिए। अहिले मुस्किलले रु पाँच हजार कमाउने गरेको उनले बताए। यहाँ उत्पादित सामग्रीहरु काठमाडौँसहित छिमेकी जिल्ला र स्थानीय बजारमा बिक्री हुने गरेको उनले जानकारी दिए। अहिले यस कारागारमा ४० जना महिला र ६८ जना पुरुष कैदी बन्दी रहेका छन्। यहाँ महिलातर्फ ३० र पुरुषतर्फ ५७० जना कैदीबन्दी राख्ने क्षमता रहेको छ। रासस

# बेलौरीमा बाढीजन्य विपद्को पूर्व तयारी तीव्र

**कञ्चनपुर।**
मनसुन सक्रिय भएसँगै सम्भावित बाढी तथा डुबानको जोखिमलाई मध्यनजर गर्दै बेलौरी नगरपालिकाले पूर्वतयारीलाई तीव्र बनाएको छ । उच्च जोखिममा रहेका क्षेत्रको पहिचान गरी खोला–नाला सरसफाइ, उद्धार सामग्री व्यवस्थापन, स्वयंसेवक परिचालन र विपद् प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइएको छ ।नगरपालिकाको विपद् शाखाका विपद् सम्पर्क व्यक्ति अशोक पाण्डेयका अनुसार दोदा र महाकाली नदीसँग जोडिएका वडा बाढी तथा डुबानको उच्च जोखिममा छन् । विशेषगरी वडा नम्बर ५ सबैभन्दा बढी जोखिममा रहेको छ भने वडा नम्बर २, ६, ८ र १० पनि डुबानको जोखिममा रहेका छन् । ती क्षेत्रका करिब एक हजार ५०० भन्दा बढी परिवार सम्भावित डुबानको उच्च जोखिममा रहेका छन्।

सम्भावित विपद्को सूचना छिटो आदान–प्रदान गर्न समुदायस्तरीय विपद् व्यवस्थापन समिति (सिडीएमसी)लाई सक्रिय बनाइएको छ । समितिमा आबद्ध व्यक्तिहरूको वाट्सएप समूह गठन गरी बाढी वा अन्य विपद्को सूचना तत्काल प्रवाह तथा उद्धार टोली परिचालन गर्न सकिने व्यवस्था मिलाइएको पाण्डेयले जानकारी दिए । विपद् सम्पर्क व्यक्ति पाण्डेयका अनुसार नगरपालिकाले सबै वडामा विपद्का बेला आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गरिसकेको छ । खोज तथा उद्धारलाई प्रभावकारी बनाउन नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई एक–एक थान रबर बोट उपलब्ध गराइएको छ । साथै आपत्कालीन सञ्चालन केन्द्र सञ्चालनमा ल्याइनुका साथै राहत तथा उद्धार सामग्री भण्डारणका लागि गोदामघरको व्यवस्था गरिएको छ।

विपद्को सामना गर्न नगरपालिकाले रु ५९ लाखको विपद् कोष स्थापना गरेको छ । उक्त कोषमा जनप्रतिनिधि र कर्मचारीहरूले एक दिनको पारिश्रमिकस्वरूप रु एक लाख ७७ हजार ५५५ योगदान गरेका छन् । कोषको रकम विपद् प्रतिकार्य, राहत वितरण, क्षतिग्रस्त घर पुनर्निर्माण तथा विपद्पछि फैलिन सक्ने महामारी नियन्त्रणमा खर्च गरिने व्यवस्था मिलाइएको छ । उद्धार कार्यलाई थप प्रभावकारी बनाउन २१ दिने तालिमप्राप्त २९ जना स्वयंसेवक समेत तयारी अवस्थामा राखिएको छ । पूर्वसूचना, प्राथमिक उपचार, खोज तथा उद्धारलगायतका टोली गठन गरी प्रतिकार्य योजना कार्यान्वयनमा ल्याइएको बताइएको छ । नगरपालिकाभित्र पर्ने नकैया नालामा बाँध निर्माणका साथै अवरुद्ध नाला तथा पानी निकासका संरचनाको सरसफाइलाई तीव्रता दिइएको छ । पाण्डेयका अनुसार होचा स्थानमा बनेका घर र सडक निर्माणसँगै पानीको प्राकृतिक बहाव अवरुद्ध हुनु तथा अधिकांश क्षेत्रमा व्यवस्थित ढल र नगरपालिकाका सबै क्षेत्रमा ड्रेनेज प्रणालीको व्यवस्था नहुनुका कारण सामान्य वर्षामै समेत डुबानको समस्या देखिने गरेको छ । नगरपालिकाले मनसुन अवधिभर सबै सरोकारवाला निकायसँग समन्वय गर्दै सम्भावित विपद्को क्षति न्यूनीकरणका लागि पूर्वतयारीलाई अझ प्रभावकारी बनाउने जनाएको छ। रासस

# मौलापुर नगरपालिकामा प्रमुख...

लगायतका नारा लगाएका थिए।

स्थानीयको भनाइमा विकास निर्माणका कामले गति लिनुपर्ने बेला नगरपालिकालाई प्रमुख प्रशासकीय अधिकृतविहीन बनाइनु जनप्रतिनिधि र नागरिक दुवैका लागि चिन्ताको विषय बनेको छ । उनीहरूका अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यसअघि प्रमुख प्रशासकीय अधिकृतका रूपमा सुरेशबाबु घिमिरेलाई खटाएको थियो । तर उनले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेपछि मन्त्रालयले फिर्ता बोलाएपछि त्यसयता नयाँ प्रमुख प्रशासकीय अधिकृत नपठाउँदा नगरपालिकाको प्रशासनिक तथा आर्थिक गतिविधिमा प्रत्यक्ष असर परेको स्थानीयको आरोप छ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा विकास निर्माणका काम, बजेट कार्यान्वयन तथा भुक्तानी प्रक्रिया अवरुद्ध भएको भन्दै स्थानीयले आन्दोलन जारी राखेका छन् । उनीहरूले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तत्काल प्रमुख प्रशासकीय अधिकृत खटाउनुपर्ने माग गरेका छन् । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको अभावका कारण नगर शिक्षकले छ महिनादेखि तलब नपाएको भन्दै यसअघि पेन डाउन आन्दोलन गरेका थिए । बहुक्षेत्रीय पोषण कार्यक्रमका लाभग्राही तथा सरसफाइ कर्मचारीले समेत लामो समयदेखि भुक्तानी नपाएको स्थानीयले बताएका छन्।

# खसीको मासुको मूल्य सीमा तोक्न सरकारको तयारी

**मधेशदृष्टि**
**काठमाडौँ।**
बजारमा खसीको मासुको मूल्य अस्वाभाविक रूपमा बढेपछि सरकारले मूल्य नियन्त्रणका लागि सीमा तोक्ने तयारी थालेको छ।

पछिल्लो समय काठमाडौं उपत्यकामा खसीको मासुको मूल्य प्रतिकिलो १ हजार ६ सय रुपैयाँसम्म पुगेको भन्दै उपभोक्ताबाट गुनासो आएपछि कृषि, वन तथा पर्यावरण मन्त्रालयले बजार अनुगमन र मूल्य निर्धारणको प्रक्रिया अघि बढाएको हो । मन्त्रालयका अनुसार कुखुराको मासुको विकल्पका रूपमा खसीको मासुको माग बढेको अवस्थालाई केही व्यवसायीले अवसरका रूपमा प्रयोग गरी मूल्य बढाएको हुन सक्ने देखिएको छ।

पछिल्लो समय खसीको मासुको मूल्यमा प्रतिकिलो ३ सयदेखि ४ सय रुपैयाँसम्म वृद्धि भएको बताइएको छ । केही व्यवसायीले खसीको अभाव देखाउँदै मूल्य बढाएको दाबी गरेपनि मन्त्रालयले वास्तविक अवस्था बुझ्न बजारको तथ्यांक संकलन गरिरहेको जनाएको छ।

# अतिक्रमित संरचना हटाउने अभियान जारी



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा सडक विस्तारअन्तर्गत सडक सीमाभित्र रहेका संरचना हटाउने अभियान बिहीबार पनि निरन्तर जारी रहेको छ । त्रिभुवन राजमार्ग अन्तर्गत वीरगंज भन्सार क्षेत्रबाट सडकको २५–२५ मिटर सीमाभित्र परेका घर, टहरा, पर्खाल तथा अन्य संरचना डोजर प्रयोग गरी हटाउने कार्यलाई निरन्तरता दिइएको हो।

यसअघि सडक विस्तार अभियान अन्तर्गत गण्डकदेखि मुर्ली हुँदै घण्टाघरसम्म सडक सीमाभित्र रहेका संरचना हटाउने कार्य सम्पन्न गरिएको थियो । सोही अभियानलाई निरन्तरता दिँदै आज भन्सार क्षेत्रमा डोजर परिचालन गरिएको हो। सो क्षेत्रमा डोजर चल्दा छपकैया क्षेत्रमा विद्युत अवरुद्ध भएको थियो।

सडक अतिक्रमण हटाई सडकको मापदण्ड कायम गर्ने, सवारी आवागमनलाई सहज, सुरक्षित तथा व्यवस्थित बनाउने उद्देश्यले सडक डिभिजन कार्यालयको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरीलगायत सम्बन्धित निकायको समन्वयमा अभियान सञ्चालन भइरहेको छ।

# नहरमा महिलाको शव फेला



**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको राजपुर नगरपालिकास्थित नहरमा एक महिलाको शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार राजपुर नगरपालिका–३ मा डमारबाट फुतवा जाने सडक छेउको नहरमा पानीमा तैरिएको अवस्थामा शव फेला परेको हो।

मृतक परोहा नगरपालिका–५ निवासी २४ वर्षीया मुस्कान खातुन रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक बसन्त गौतमले जानकारी दिए। बिहीबार बिहान स्थानीयवासीले नहरमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

घटनास्थल पुगेको प्रहरीले शवको मुचुल्का उठाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाएको जनाएको छ। घटनाको कारण खुल्न बाँकी रहेको र यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक गौतमले बताए।

# सोफा बनाउन प्रयोग हुने सामाग्री बरामद

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण धनुषाले भन्सार छली गरी भारतबाट नेपाल भित्र्याउँदै गरेको सोफा बनाउन प्रयोग हुने सामग्रीसहित एक पिकअप गाडी नियन्त्रणमा लिएको छ।

सशस्त्र प्रहरीका अनुसार बिहिबार धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका–४ कोल्हुवा क्षेत्रमा खटिएको गस्ती टोलीले भारतबाट अवैध रूपमा भन्सार छली गरी नेपालतर्फ ल्याइँदै गरेको टाटा पिकअप गाडी जाँच गर्ने क्रममा सोफा निर्माणमा प्रयोग हुने विभिन्न सामग्री बरामद गरेको हो । बरामद गरिएको सोफा बनाउन प्रयोग हुने सामग्रीको अनुमानित मूल्य ३ लाख ११ हजार रुपैयाँ रहेको छ भने उक्त टाटा पिकअप गाडीको अनुमानित मूल्य ६ लाख रुपैयाँ रहेको जनाइएको छ । बरामद सामग्री र सवारी साधनको कुल अनुमानित मूल्य ९ लाख ११ हजार रुपैयाँ रहेको सशस्त्र प्रहरीले जनाएको छ ।घटनामा संलग्न पिकअप चालकलाई समेत नियन्त्रणमा लिई बरामद गरिएको गाडी तथा सामग्रीसहित आवश्यक कानुनी कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# व्यावसायिक तरकारीखेतीबाट आत्मनिर्भर बन्दै चन्द्रपुरका महिला



**रमेश तिमलसिना**
**रौतहट।**
रौतहटको चन्द्रपुर नगरपालिका–७ वनबहुअरीकी दुखनी थरुनीलाई हिजोआज तरकारी टिप्न र बेच्न भ्याइनभ्याइ छ । करिब पाचँ कट्ठा जमिनमा व्यावसायिक रूपमा लगाइएको तरकारीखेतीले उनको व्यस्तता बढाउनुका साथै आर्थिक रूपमा पनि सबल बनाएको छ । लौका, करेला, घिरौलालगायत तरकारी अहिले थरुनीको बारीमा लटरम्म फलेका छन् । दैनिक रु एक हजार ५०० देखि रु दुई हजारसम्मको तरकारी बिक्री हुने उनले जानकारी दिइन् । उनले आफना ग्राहकलाई बारीबाट ताजा तरकारी बेच्नुका साथै बाँकी तरकारी स्थानीय हाटबजारमा लैजाने गरेकी छिन्।

आफैँले आम्दानी गर्न थालेपछि थरुनीले आफ्नो परिवार सुखी र सम्पन्न हुँदै गएको प्रतिक्रिया दिइन् । साथै अहिले महिला हिंसा र आफ्नो हकअधिकारको बारेमा सक्षम भएको उनको भनाइ छ । चन्द्रपुर नगरपालिका–७ की दिलकुमारी काफ्लेले पनि व्यावसायिक रूपमा बाख्रापालन गर्न थालेपछि आर्थिक रूपमा सबल बन्दै गएको बताइन् । बाख्रापालनबाट आफूले आर्थिक आम्दानीका साथै जीविकोपार्जन सहज भएको उनको भनाइ छ । चन्द्रपुर–७ की सुनिता माझीले किराना पसल सञ्चालन गरेर जीविकोर्पाजन गर्दै आइरहेकी छिन् । राजपुर नगरपालिका–९ बैरियाकी मिना देवीले पनि व्यावसायिक रूपमा तरकारीखेती गरेर मनग्य आम्दानी गरिरहेकी छिन्।

तरकारीखेतीबाट आएको आम्दानीले छोराछोरी पढाउने, अन्य घर खर्च चलाउनेलगायत खर्च गर्न सबल भएको उनले बताइन् । त्यस्तै राजपुर–९ की गुलसन खातुनले घरमा टेलर सञ्चालन गरी स्वरोजगार बनेकी छिन् । अहिले आफ्नो घर खर्च चलाउन कसैसँग भर पर्नु नपर्ने उनको भनाइ छ।

त्यस्तै राजपुर–५ स्कुलटोलकी जरिमा खातुनले टेलर चलाएर तीन छोरा र तीन छोरीको पढाइ खर्च जुटाएकी छिन् । आफू आर्थिक रूपमा सबल हुनुका साथसाथै तथा समाजमा लैगिङ्क हिंसा न्यूनीकरणका लागि सचेतना फैलाउँदै आएको उनले बताइन् । यी महिला एउटा उदाहरणको पात्र मात्रै छन् । यस्ता महिला रौतहटमा एक हजारभन्दा बढी छन् । ग्रामिण विकास केन्द्र नेपालले सञ्चालन गरेको लैङ्गिक हिंसा न्यूनीकरण परियोजनामा आबद्ध एक हजार महिला अहिले स्वरोजगारका माध्यमबाट आर्थिक रूपमा सबल बनिरहेका सोही संस्थाका कार्यक्रम संयोजक धर्मेन्द्र साहले बताए । राजपुर र चन्द्रपुर नगरपालिकाका १२ वटा वडामा लैङ्गिक हिंसालाई सम्बोधन गर्दै लक्षित समुदायको सामाजिक तथा आर्थिक सवलीकरण गर्न विभिन्न क्रियाकलाप सञ्चालन गरी स्वस्थ्यमा सुधारको सुनिश्चिता गर्ने किसिमका कार्यक्रम सञ्चालन भइरहेका संयोजक साहले बताए

राजपुर–१, २, ३, ४, ५, ६, ९ र चन्द्रपुर–१, २, ५, ७ र ८ वडामा आर्थिक सवलीकरणमार्फत लैङ्गिक हिंसाबाट प्रभावित वा जोखिममा रहेका महिलालाई समाजमा पुनःस्थापना गर्ने, उनीहरूको जोखिमस्तर कम गराउन सचेतना फैलाउने, स्वरोजगार बनाउनेलगायत काम गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको उनले जानकारी दिए । चन्द्रपुर नगरपालिकामा १७ वटा समूहमा ४३० र राजपुर नगरपालिकामा २३ वटा समूहमा ५८० जना महिलालाई प्रतिव्यक्ति रु ६५ हजारका दरले व्यवसाय सञ्चालन गर्नका लागि आर्थिक सहयोग गर्दै आएको उनले जानकारी दिए। उहाँहरूको रोजाइ अनुरुपका कार्यक्रम सञ्चालनमा सहयोग गर्दै आइएको उनले बताए।

यसैबीच सोही परियोजनाअन्तगत सामाजिक सशक्तीकरणका लागि सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र स्थापना गरेर लैङ्गिक हिंसा न्यूनीकरणका कामहरू भइरहेका कार्यक्रम संयोजक साहले बताए। किशोरीलाई लक्षित गरी चन्द्रपुर नगरपालिकाभित्र परियोजना सञ्चालित पाँच वटा वडामा १० वटा सामुदायिक सिकाइ केन्द्र तथा संरक्षण केन्द्र सञ्चालनमा रहेका जनाउँदै उनले राजपुर नगरपालिकाभित्रका सात वडामा १४ वटा केन्द्र सञ्चालन भइरहेका उल्लेख गरे । हालसम्म दुई हजार ४०० बालबालिकाले केन्द्रबाट रुपान्तरण पाठ्यांश (कोर्स) पूरा गरिसकेका साहले जानकारी दिए । विद्यालय वा मदरसाबाट बाहिर भएका किशोरीलाई रुपान्तर विधिबाट जीवनोपयोगी सीप सिकाउँदै सामाजिक अभियानमा सहभागी गराउने र नेतृत्व विकासमा सहयोग गर्ने लक्ष्य राखिएको उनले बताए सिकाइ केन्द्रहरू एक दिन बिराएर तीन घण्टाका दरले सञ्चालन गरिँदै आइएको उनले जानकारी दिए।

महिलालाई व्यवसायसँगै आवश्यक तालिम, वित्तीय साक्षरता, समय समयमा प्रशिक्षण दिने र घरका पुरुषलाई समूहमा आबद्ध गराउँदै लैङ्गिक हिंसा तथा महिला अधिकारका बारेमा प्रशिक्षण दिँदै आइएको ग्रामीण विकास केन्द्रका अध्यक्ष पारस हुसेनले बताए । समूहका महिलालाई वित्तीय साक्षरता, अन्तरपुस्ता संवाद, नेतृत्व विकासलगायत विविध पक्षका बारेमा नेतृत्व विकास गरी क्षमता बढाउन मद्दत पुग्ने विषयमा प्रशिक्षण दिइरहेको उनले बताए। रासस

# भेरी–बबईको बिजुली जोड्न प्रसारण लाइन निर्माण गरिँदै

**सुर्खेत।**
राष्ट्रिय गौरवको भेरी–बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाबाट उत्पादन हुने विद्युत्लाई राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गर्न १३२ केभी क्षमताको प्रसारण लाइन निर्माण गरिने भएको छ । सो आयोजनाबाट उत्पादन हुने विद्युत्लाई विद्युत् प्राधिकरणले निर्माण गरेको कोहलपुर–सुर्खेत १३२ केभी प्रसारण लाइनमा जोडिनेछ । त्यसका लागि एक दशमलव सात किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन निर्माण गरिनेछ।

भेरी नदीको पानी 'डाइभर्सन' गरी बबईमा झारेर सिँचाइ सुविधा उपलब्ध गराउने र त्यसबाट करिब ४६ दशमलव आठ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । प्रस्तावित प्रसारण लाइनमा नौवटा टावर रहनेछ । त्यसमध्ये तीनवटा बर्दिया राष्ट्रिय निकुञ्जको मुख्य क्षेत्र र बाँकी छवटा निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्नेछ । प्रसारण लाइनको क्षेत्राधिकार १८ मिटर रहनेछ । प्रसारण लाइनका कारण सुर्खेतको भेरीगङ्गा नगरपालिका–५ र बर्दिया राष्ट्रिय निकुञ्ज प्रभावित हुनेछ । आयोजनाले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्न लागेकाले आवश्यक सुझाव दिन आग्रह गरेको छ।

- **भेरी–बबईको प्रगति ७० प्रतिशत**

भेरी नदीको पानीलाई १२ किलोमिटर लामो सुरुङमार्फत बबई नदीमा खसालेर बाँके र बर्दियाको झण्डै ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ । हालसम्म आयोजनाको भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ५७ प्रतिशत रहेको छ । बाँकी काम सम्पन्न गर्न अझै तीन वर्ष लाग्ने आयोजनाका सूचना अधिकारी हरिबहादुर थापाले जानकारी दिए। अपेक्षित प्रगति नभएपछि ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले केही दिनपहिले आयोजना स्थलको निरीक्षण गरेका थिए । उनले निर्माण प्रक्रियालाई तीव्र पार्न निर्देशन दिएका थिए।

आयोजनाको सुरुङ निर्माण कार्य सम्पन्न भइसकेको छ । सिभिल निर्माण कार्य, हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलको काम जारी छ । प्रसारण लाइन निर्माण कार्यको वातावरणीय प्रभाव मूल्याङ्नका लागि पूर्वस्वीकृतिको प्रक्रिया सुरु भएको छ। रासस

# तलब नपाएर आन्दोलनमा उत्रेका महानगरका कर्मचारी सहमतिपछि काममा फर्किए



**मधेशदृष्टि**
**वीरगंज।**
लामो समय देखि तलव नपाएको भन्दै आन्दोलनमा उत्रिएका वीरगंज महानगरपालिकाका कर्मचारी र महानगरबी सहमति भएको छ।

विहिवार दिउँसो भएको सहमति अनुसार कर्मचारी पक्षले आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएका छन् । कार्यवाहक नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग भएको वार्तामा सहमति भएपछि कर्मचारी काममा फर्किएका हुन्।

दुई महिनाको बक्यौता तलब उपलब्ध गराउन माग गर्दै बिहीबार बिहानदेखि आन्दोलनमा उत्रिएका कर्मचारीसँग भएको छलफलमा बिहीबार नै एक महिनाको तलब निकासा गर्ने सहमति भएपछि आन्दोलन स्थगित गरिएको हो । सहमतिपछि कर्मचारी अपराह्न ३ बजेदेखि नियमित काममा फर्किएका छन्।

हानगरपालिकाका कार्यवाहक नगरप्रमुख इम्तियाज आलमले आजै (बिहीबार) कर्मचारीको एक महिनाको तलब निकासा गरिने जानकारी गराएपछि आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको आन्दोलनका अगुवा तथा महानगरपालिकाका कर्मचारी मुकेश गुप्ताले जानकारी दिए। उनका अनुसार प्रमुख प्रशासकीय अधिकृत बसन्तबहादुर बोहराको उपस्थितिमा कार्यवाहक नगरप्रमुखले कर्मचारीको खातामा तलब जम्मा गरिने आश्वासन दिएपछि सम्पूर्ण कर्मचारी नियमित काममा फर्किएका हुन्।

यसअघि बिहानैदेखि कर्मचारीले कार्यालयको कामकाज अवरुद्ध गर्दै लेखा शाखामा तालाबन्दी गरेर आन्दोलन सुरु गरेपछि विभिन्न सेवा लिन महानगरपालिका पुगेका सेवाग्राहीले सास्ती खेप्नुपरेको थियो । आन्दोलन स्थगित भएसँगै महानगरपालिकाको नियमित सेवा प्रवाह र प्रशासनिक कामकाज पुनः सुचारु भएको छ।

# किस्ताबन्दीको नाममा करोडौँ उठाएर बेपत्ता ? संचालकविरुद्ध सामूहिक उजुरी

**मधेशदृष्टि**
**वीरगंज।**
किस्ताबन्दीमा घरायसी तथा विद्युतीय सामग्री उपलब्ध गराउने आश्वासन दिएर सर्वसाधारणबाट करोडौँ रुपैयाँ संकलन गरेको आरोपमा 'अल्ट्रा अभियान डिजिटल वल्ड' का सञ्चालकविरुद्ध जिल्ला प्रशासन कार्यालय पर्सामा सामूहिक उजुरी दर्ता भएको छ । सेवाग्राही तथा बजार प्रतिनिधिहरूले आफूहरू आर्थिक रूपमा ठगिएको दाबी गर्दै दोषीमाथि कानुनी कारबाही र रकम फिर्ताको माग गरेका छन्।




असार २३ गते दर्ता गरिएको उजुरीमा वीरगंजका सोनालाल पटेल, रामजी साह कलवार र जितेन्द्र पाण्डेसहितका पीडितहरूले संस्थाका सञ्चालक दीपेश बर्नवाल, सुशील सर्राफ, विष्णु काफ्ले र ऋषिकान्त गुप्तालाई विपक्षी बनाएका छन्।

पीडितहरूका अनुसार करिब तीन वर्षअघि सञ्चालनमा आएको संस्थाले किस्ताबन्दी योजनाअन्तर्गत प्रत्येक सदस्यबाट ३१ हजार ७२५ रुपैयाँका दरले रकम उठाएको थियो । प्रारम्भिक चरणमा केही सदस्यलाई १२ देखि १५ हजार रुपैयाँ बराबरका विद्युतीय तथा घरायसी सामग्री उपलब्ध गराइएपनि अधिकांश सदस्यले भने अहिलेसम्म कुनै सामान प्राप्त गर्न नसकेको गुनासो गरेका छन्।

उजुरीमा उल्लेख भएअनुसार सञ्चालकमध्ये दीपेश बर्नवाल, सुशील सर्राफ र विष्णु काफ्ले लामो समयदेखि सम्पर्कविहीन रहेको आरोप छ । अर्का साझेदार ऋषिकान्त गुप्ता वीरगंजमै रहेपनि पीडितहरूको समस्या समाधान गर्न वा बाँकी सामान उपलब्ध गराउनेतर्फ कुनै पहल नगरेको आरोप लगाइएको छ । साथै संस्थाका लेखापाल तथा सञ्चालक दीपेश बर्नवालका छोरा योगेश बर्नवालको भूमिकामाथि पनि प्रश्न उठाउँदै उनको नामसमेत उजुरीमा समावेश गरिएको एक बजार प्रतिनिधिले बताएका छन्।

पीडितहरूको भनाइमा संस्थाभित्र सञ्चालकहरूबीच उत्पन्न भएको विवाद, आर्थिक अपारदर्शिता तथा व्यवस्थापनको कमजोरीका कारण सेवा नै प्रभावित भएको हो । हजारौँ सदस्यबाट रकम संकलन गरिएपनि संस्थाले गरेको प्रतिबद्धताअनुसार सामान वितरण नगर्दा सर्वसाधारण प्रत्यक्ष रूपमा मर्कामा परेको उनीहरूको आरोप छ।

संस्थासँग आबद्ध बजार प्रतिनिधिहरूले पनि आफूहरू दोहोरो मारमा परेको बताएका छन् । संस्थाको विश्वासमा परेर सदस्य बनाएका सेवाग्राहीलाई अहिले सामान उपलब्ध गराउन नसक्दा उनीहरूले गालीगलौज, धम्की र मानसिक तनाव सहनुपरेको गुनासो गरेका छन् । आफूहरूले संकलन गरेको रकमको हिसाबकिताब तथा वितरण हुनुपर्ने सामानको विवरणसमेत नपाएको उनीहरूको दाबी छ।

पीडित सेवाग्राही र बजार प्रतिनिधिहरूले आफूहरूबाट उठाइएको रकम फिर्ता गराउन, घटनाको निष्पक्ष छानबिन गर्न तथा संलग्न व्यक्तिमाथि प्रचलित कानुनअनुसार कडा कारबाही गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय पर्सामा सामूहिक उजुरी दिएका छन्।

जिल्ला प्रशासन कार्यालय पर्साले प्राप्त उजुरीमाथि आवश्यक अनुसन्धान प्रक्रिया सुरु भएको जनाएको छ । प्रशासनका अनुसार घटनाको वास्तविक अवस्था, पीडितको संख्या तथा आर्थिक क्षतिको यकिन विवरण अनुसन्धानपछि मात्रै सार्वजनिक गरिनेछ । अनुसन्धानको निष्कर्षका आधारमा आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने प्रशासनको भनाइ छ।

# हरेक विद्यार्थीलाई शुद्ध पिउने पानी उपलब्ध गराउन सरकार प्रतिबद्धः शिक्षामन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंहले शुद्ध पिउने पानी प्रत्येक विद्यार्थीको मौलिक अधिकार भएको भन्दै सबै विद्यालयमा सुरक्षित खानेपानीको व्यवस्था गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् । सिरहाको गोलबजार नगरपालिका–११ स्थित जनता माध्यमिक विद्यालय, बलकावामा जडान गरिएको पिउने पानी उपचार प्लान्टको उद्घाटन गर्दै मन्त्री सिंहले पानी जीवनको आधार भएकाले विद्यालयमा अध्ययनरत सबै विद्यार्थीले स्वच्छ र सुरक्षित पानी पाउनुपर्ने बताए।

उनले विद्यालयमा सुरक्षित पिउने पानीको अभाव हुँदा विद्यार्थी विभिन्न प्रकारका पानीजन्य रोगको जोखिममा पर्ने उल्लेख गर्दै शिक्षासँगै स्वास्थ्यलाई पनि सरकारले प्राथमिकतामा राखेको बताए । विद्यालयमा हेल्पिक हार्टको सहयोगमा करिब ७ लाख रुपैयाँको लागतमा पानी उपचार प्लान्ट तथा धारा जडान गरिएको हो । प्लान्ट सञ्चालनमा आएपछि विद्यालयका विद्यार्थीले अब शुद्ध पिउने पानी उपभोग गर्न पाउनेछन्।

गोलबजार–११ का वडाध्यक्ष मोहम्मद सोहेव अनवरले यस क्षेत्रको भूमिगत पानीमा अत्यधिक आइरन रहेकाले विद्यार्थी लामो समयदेखि असुरक्षित पानी पिउन बाध्य रहेको बताए। उपचार प्लान्ट जडान भएसँगै विद्यालयमा सुरक्षित खानेपानीको व्यवस्था भएको र यसबाट विद्यार्थी तथा शिक्षक दुवै लाभान्वित हुने उनले बताए।

# जलेश्वर प्रादेशिक अस्पतालमा विपन्नका लागि निःशुल्क उपचार सेवा प्रभावकारी

**मधेशदृष्टि**
**महोत्तरी।**
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले विपन्न, असहाय तथा बेवारिसे नागरिकलाई निःशुल्क उपचार सेवा सुनिश्चित गर्न 'लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३' लागू गरेसँगै महोत्तरीको जलेश्वर प्रादेशिक अस्पतालमा पनि लक्षित वर्गका बिरामीले निःशुल्क उपचार सेवा प्राप्त गरिरहेका छन्।

कार्यविधिअनुसार देशभरका अस्पतालले आफ्नो कुल स्वीकृत शैय्यामध्ये कम्तीमा १० प्रतिशत शैय्या लक्षित वर्गका बिरामीका लागि अनिवार्य रूपमा छुट्याउनुपर्ने व्यवस्था गरिएको छ। प्रादेशिक अस्पताल जलेश्वरका निमित्त मेडिकल सुपरिटेन्डेन्ट रवि श्रीवास्तवका अनुसार अस्पतालमा वैशाख महिनामा २ हजार ६ सय ८० जना र जेठ महिनामा ३ हजार १ सय १३ जनाले ओपीडी सेवा लिएका छन्।

त्यस्तै, मातृ तथा शिशु स्वास्थ्य, मेडिकल, सर्जिकल र अर्थोपेडिक सेवाअन्तर्गत वैशाखमा ३ सय ८३ तथा जेठमा ३ सय ८९ जना बिरामीले भर्ना भएर उपचार गराएका छन्। इमरजेन्सी सेवातर्फ वैशाखमा १ हजार ३ सय २९ जना र जेठमा १ हजार २ सय ४५ जनाले सेवा लिएको अस्पतालले जनाएको छ।

श्रीवास्तवका अनुसार अस्पतालका सबै शैय्या पहिलेदेखि नै बिरामीका लागि निःशुल्क उपलब्ध छन् । स्वास्थ्य बिमा गरेका बिरामीलाई प्रयोगशाला परीक्षणलगायत विभिन्न




सेवामा सहुलियत दिइँदै आएको छ। हाल अस्पतालबाट सेवा लिने करिब ७० प्रतिशत बिरामी स्वास्थ्य बिमामार्फत लाभान्वित भइरहेका छन्।

सामाजिक सेवा इकाइमार्फत विपन्न, असहाय तथा ज्येष्ठ नागरिकलाई आवश्यक उपचार सेवा निःशुल्क उपलब्ध गराइँदै आएको अस्पतालले जनाएको छ।

अस्पतालका अनुसार चालु आर्थिक वर्षमा हालसम्म १ सय ९ जना बिरामीले सम्पूर्ण उपचार सेवा निःशुल्क प्राप्त गरेका छन् । पछिल्लो तीन महिनामा मात्रै २५ जना बिरामीले यो सुविधा लिएका छन्।

हाल १५ शैय्याको स्थायी संरचना रहेको जलेश्वर प्रादेशिक अस्पताललाई सरकारले १०० शैय्याको अस्पतालका रूपमा स्तरोन्नति गर्ने तयारी गरिरहेको छ । स्थायी पूर्वाधार सीमित भए पनि अस्पतालले अहिले ५० शैय्या सञ्चालन गर्दै बिरामीलाई सेवा प्रदान गरिरहेको छ।

# अब साप्ताहिक पत्रिकाले पनि लोककल्याणकारी विज्ञापन पाउने

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले अबदेखि स्थानीय साप्ताहिक पत्रपत्रिकालाई पनि लोककल्याणकारी सूचना उपलब्ध गराउने निर्णय गरेको छ। आमसञ्चार माध्यम प्रवद्र्धन तथा नियमन समितिले यसअघिको व्यवस्था संशोधन गर्दै साप्ताहिक पत्रपत्रिकालाई सूचीकरण प्रक्रियामा सहभागी गराउने निर्णय गरेको हो।




यसअघि महानगरले दैनिक पत्रपत्रिकालाई मात्र सूचीकरण गर्ने व्यवस्था गरेको थियो, जसका कारण स्थानीय साप्ताहिक सञ्चारमाध्यम लोककल्याणकारी सूचना प्रकाशनबाट वञ्चित हुँदै आएका थिए । नेपाल पत्रकार महासंघसहित सञ्चार क्षेत्रका विभिन्न सरोकारवालाले उक्त व्यवस्था महानगरकै आमसञ्चारसम्बन्धी ऐन र प्रचलित कानुनविपरीत रहेको भन्दै संशोधनको माग गर्दै आएका थिए।

समितिका संयोजक शत्रुधन नेपालको अध्यक्षतामा बसेको बैठकले पुरानो निर्णय परिमार्जन गर्दै स्थानीय साप्ताहिक पत्रपत्रिकालाई पनि सूचीकरणमा समेट्ने निर्णय गरेको हो। वीरगंज महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलमले स्थानीय सञ्चारमाध्यमको संरक्षण र प्रवद्र्धन महानगरको प्राथमिकतामा रहेको बताए।

उनका अनुसार सञ्चारमाध्यम लोकतन्त्र र सुशासनका महत्वपूर्ण आधार भएकाले कानुनले व्यवस्था गरेअनुसार सबै सञ्चारमाध्यमलाई समान अवसर प्रदान गरिनेछ।

# पोखरियाका तत्कालीन अधिकृत पाण्डेसहित ३ जना विरुद्ध विशेष अदालतमा मुद्दा



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पोखरिया नगरपालिकाका तत्कालीन अधिकृत संजयकुमार पाण्डेय सहित ३ जना विरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर भएको छ।

सार्वजनिक सम्पत्ति हानिनोक्सानी, सरकारी कागजात सच्याएको तथा गलत लिखत तयार गरी गराई भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको हो । आयोगे पाण्डेयसहित नगरपालिकाको अपाङ्गता शाखामा कार्यरत अम्बिका महतो र पोखरिया नगरपालिका–१० का महेन्द्र राउतकुर्मीविरुद्ध मुद्दा दायर भएको हो।

आयोगले उनीहरूविरुद्ध जनही १ लाख ९१ हजार ५२० रुपैयाँ माग दाबीसहित मुद्दा दायर गरेको हो । नगरपालिकाका कर्मचारीले कागजात सच्याई अपाङ्गताको परिचयपत्र वितरण गरी सरकारी रकम हिनामिना गरेको उजुरीको आधारमा उनीहरूमाथि आयोगले अनुसन्धान गरेको थियो।

# स्कुल बसको अचानक मोडाइले दुर्घटनाः मोटरसाइकल चालकको मृत्यु, दुई गम्भीर घाइते

**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको गोलबजार नगरपालिका–९ चोहर्वामा स्कुल बसको ठक्करबाट मोटरसाइकल चालकको घटनास्थलमै मृत्यु भएको छ भने मोटरसाइकलमा सवार अन्य दुई जना गम्भीर घाइते भएका छन् । दुर्घटना बुधबार पूर्व–पश्चिम राजमार्गअन्तर्गत चोहर्वा चोक नजिक भएको हो । प्रहरीका अनुसार पूर्वबाट पश्चिमतर्फ गइरहेको 'मे १ ख २३६३ नम्बरको शिव शक्ति बाल बोर्डिङ स्कुलको बस'ले सोही दिशामा अघि बढिरहेको 'म.प्र.०१–००५ प ३४०६ नम्बरको मोटरसाइकल' लाई ठक्कर दिएको थियो।




जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार राजमार्गमा गुडिरहेको बस चोहर्वा चोक नजिक पुगेपछि एक्कासि उत्तरतर्फ रहेको गोविन्दपुर सडकखण्डमा मोडिएको थियो । बसले अप्रत्याशित रूपमा दिशा परिवर्तन गरेपछि पछाडिबाट आइरहेको मोटरसाइकल नियन्त्रण गुमाएर बसको बीच भागमा ठोक्किन पुगेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । दुर्घटनामा मोटरसाइकल चालकको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। मृतकको उमेर करिब २५ वर्ष रहेको अनुमान गरिएपनि उनको साथबाट कुनै परिचय खुल्ने कागजात फेला नपरेकाले हालसम्म पहिचान हुन सकेको छैन । शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल लहान पठाइएको छ।

दुर्घटनामा मोटरसाइकलको पछाडि सवार मिर्चैया नगरपालिका–५ निवासी २४ वर्षीय शङ्ख रिहान र १९ वर्षीय यनतियाज राइन गम्भीर घाइते भएका छन् । उनीहरूको स्थानीय भूमिजा अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान रेफर गरिएको प्रहरीले जनाएको छ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय गोलबजारले दुर्घटनामा संलग्न स्कुल बस र चालकलाई नियन्त्रणमा लिएको छ । दुर्घटनाको कारण तीव्र गति, बसको अचानक मोडाइ वा अन्य प्राविधिक पक्षमध्ये कुन हो भन्ने विषयमा प्रहरीले विस्तृत अनुसन्धान अघि बढाएको जनाएको छ । प्रहरीले दुर्घटनाका सम्बन्धमा प्रत्यक्षदर्शीको बयान संकलन गर्नुका साथै घटनास्थलको प्राविधिक परीक्षणसमेत गरिरहेको जनाएको छ । प्रारम्भिक रूपमा बस चालकको लापरबाही दुर्घटनाको प्रमुख कारण हुन सक्ने आशंका गरिएपनि अनुसन्धानपछि मात्रै वास्तविक कारण खुल्ने प्रहरीको भनाइ छ।

## सम्पादकीय

# मधेशका किसानमाथि दोहोरो मार:
# सरकारको मौनता र बजारको मनपरी कहिलेसम्म ?

असार लागेसँगै मधेशका खेतहरू हरियालीले भरिनुपर्ने हो । किसानका अनुहारमा आशा र उत्साह झल्किनुपर्ने हो। तर, यथार्थ यसको ठीक उल्टो छ । आकासे पानीको अनिश्चितता, मलको अभाव, डिजेलको मूल्यवृद्धिको बहानामा बढाइएको ट्याक्टरको चर्को भाडा, र गाउँघरमा चर्किएको मजदुर संकटले मधेशका किसानको जीवन झन् कष्टकर बनेको छ । अन्न उत्पादन गर्ने हातहरू आज आफ्नै पसिनाको मूल्य खोज्न बाध्य छन् । यो अवस्था केवल किसानको समस्या होइन, यो देशको खाद्य सुरक्षा र राष्ट्रिय अर्थतन्त्रसँग जोडिएको गम्भीर संकट हो । सबैभन्दा चिन्ताजनक पक्ष भनेको सरकारले डिजेलको मूल्य प्रतिलिटर ३० रुपैयाँ घटाइसकेपछि पनि ट्याक्टर व्यवसायीहरूले जोताइको भाडा नघटाउनु हो । गत वर्ष प्रतिघण्टा १,५०० देखि १,७०० रुपैयाँमा हुने जोताइ अहिले २,५०० रुपैयाँसम्म पुगेको छ । यो खुला बजार लुटको उदाहरण हो। सम्बन्धित निकायहरू मौन छन्, अनुगमन गर्ने निकाय निदाएका छन्, र किसानहरू निरिह भएर अतिरिक्त भार बोक्न बाध्य छन्। सरकारको मूल्य समायोजनको प्रत्यक्ष लाभ किसानसम्म पुग्न नसक्नु प्रशासनिक असफलता मात्र होइन, किसानमाथिको अन्याय पनि हो।

कृषि उत्पादनको मेरुदण्ड मानिने किसानले खेत जोत्नेदेखि धान रोप्नेसम्म प्रत्येक चरणमा चर्को खर्च बेहोर्नुपरेको छ। रासायनिक मल, उन्नत बीउ, कीटनाशक विषादी र कृषि सामग्रीको मूल्य दिनप्रतिदिन बढिरहेको छ । बजारमा कसैले मूल्य निर्धारणको मापदण्ड पालना गरेको देखिँदैन । यस्तो अवस्थामा उत्पादन लागत अस्वाभाविक रूपमा बढ्नु स्वाभाविक हो। तर सरकारले किसानलाई राहत दिनुपर्ने बेलामा केवल आश्वासन बाँडिरहेको छ। यतिमात्र होइन, मधेशमा श्रमिक संकट विकराल बन्दै गएको छ। गाउँका अधिकांश युवा रोजगारीको खोजीमा भारत र खाडी मुलुक पलायन भएका छन्। परिणामस्वरूप खेतमा काम गर्ने जनशक्ति अभाव भएको छ । जहाँ मजदुर भेटिन्छन्, त्यहाँ अत्यधिक ज्याला तिर्नुपर्ने अवस्था छ। किसानले समयमै रोपाइँ गर्न नसके उत्पादन घट्छ, उत्पादन घटे खाद्यान्न आयात बढ्छ, र त्यसको प्रत्यक्ष असर देशको अर्थतन्त्रमा पर्छ । तर यो स्पष्ट वास्तविकताप्रति राज्यको संवेदनशीलता देखिएको छैन।

सरकारले कृषिलाई अर्थतन्त्रको मेरुदण्ड भन्ने भाषण वर्षौंदेखि दोहोर्याउँदै आएको छ। तर व्यवहारमा किसानलाई न सस्तो मल उपलब्ध छ, न सुलभ कृषि ऋण, न आधुनिक कृषि यन्त्रमा पहुँच, न बजारको संरक्षण।

कृषिमा अनुदानको ठूलो हिस्सा वास्तविक किसानसम्म पुग्दैन भन्ने गुनासो वर्षौंदेखि दोहोरिएको छ । नीति निर्माण गर्नेहरूले किसानका पीडा सुन्नेभन्दा कागजी योजनामा रमाउने प्रवृत्तिले समस्या झन् जटिल बनाएको छ । आज आवश्यकता केवल सहानुभूतिको होइन, ठोस कार्ययोजनाको हो। सरकारले तत्काल ट्याक्टर जोताइ शुल्कमा अनुगमन गरी डिजेलको मूल्यअनुसार भाडा समायोजन गराउनुपर्छ। कृषि सामग्रीको मूल्य नियन्त्रणका लागि बजार अनुगमन प्रभावकारी बनाउनुपर्छ। धान रोपाइँको समयमा पर्याप्त मलको सुनिश्चित आपूर्ति गर्नुपर्छ । वास्तविक किसानलाई लक्षित गरी कृषि यन्त्रमा अनुदान, सहुलियतपूर्ण ऋण र बिमा कार्यक्रम प्रभावकारी रूपमा लागू गर्नुपर्छ। गाउँबाट युवाको पलायन रोक्न कृषि क्षेत्रमा सम्मानजनक रोजगारी सिर्जना गर्नु पनि उत्तिकै आवश्यक छ।

किसानले उत्पादन गरेको अन्नबाट सिंगो देशको भान्सा चल्छ। तर विडम्बना, त्यही किसान आफ्नो श्रमको उचित मूल्य र सम्मानबाट वञ्चित छ । किसानलाई केवल चुनावका बेला सम्झिने र बाँकी समय बेवास्ता गर्ने राजनीतिक संस्कृतिको अन्त्य हुनुपर्छ।

कृषिलाई नारामा होइन, व्यवहारमा प्राथमिकता दिन सकिएन भने भविष्यमा खेत बाँझिने, उत्पादन घट्ने र खाद्यान्नमा परनिर्भरता बढ्ने खतरा टाढा छैन। सरकारले बुझ्नुपर्छ किसान कमजोर भए देशको अर्थतन्त्र कमजोर हुन्छ, किसान निराश भए खाद्य सुरक्षा संकटमा पर्छ। किसानको पीडा केवल किसानको निजी समस्या होइन, यो राष्ट्रिय चिन्ताको विषय हो । अब पनि राज्य मौन बसिरहने हो भने मधेशका किसान खेतबाट पलायन हुनेछन्, खेतीयोग्य जमिन बाँझो बन्नेछ, र त्यसको मूल्य सम्पूर्ण देशले चुकाउनुपर्नेछ । त्यसैले अब भाषण होइन, किसानमैत्री नीति, प्रभावकारी बजार नियमन, कृषि लागत नियन्त्रण र श्रम संकट समाधानका ठोस कदम तत्काल चालिनुपर्छ। किसान बचाउने हो भने कृषि बच्छ, कृषि बच्यो भने मात्रै देशको भविष्य सुरक्षित हुन्छ।

# दरबारदेखि रानीकुवासम्म:
# इतिहास, जनश्रुति र संरक्षणको मौन साक्षी

**जनक श्रेष्ठ**



**लमजुङ।**
डुम्रे–बेँसीसहर सडकखण्ड हुँदै यात्रा गर्ने जो–कोहीको नजर सडक छेउमा रहेको एउटा पुरानो कुवामा पर्न सक्छ। हतारमा यात्रा गर्नेका लागि त्यो सामान्य पानीको कुवा मात्र हुनसक्छ तर त्यसको मौन गहिराइभित्र १६ औँ शताब्दीको लमजुङ दरबारको इतिहास लुकेको छ । तत्कालीन राजपरिवारको जीवनशैली, बटुवाको यात्राको कथा, स्थानीय समाजको परिवर्तन र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको जनविश्वास पनि सुरक्षित छ । यहाँ कुनै समय रानी वा राजपरिवारले प्रयोग गर्ने कुवा (इनार) थियो । गाउँसहर दरबार आउने–जाने बाटोमा यो पानीको मुख्य स्रोत भएकाले त्यसलाई 'रानीको कुवा' भनिन थालियो । यो व्याख्या स्थानीय मौखिक परम्परामा आधारित हो, यसलाई पुष्टि गर्ने शिलालेख वा आधिकारिक इतिहास हालसम्म उपलब्ध छैन । समयले धेरै कुरा फेरिए पनि 'रानीकुवा'ले इतिहासका ती पदचाप अझै बोकेर बसेको छ । लमजुङको रानीकुवा नामको उत्पत्तिबारे आधिकारिक ऐतिहासिक अभिलेख धेरै उपलब्ध छैन तर स्थानीय जनश्रुति र त्यहाँको ऐतिहासिक परिवेशका आधारमा केही तथ्यहरु फेला पार्न सकिन्छ।

बेँसीसहर नगरपालिका–३ (साविक गाउँसहर गाउँ विकास समिति) मा अवस्थित रानीकुवाअन्तर्गत पर्ने बस्ती हो। गाउँसहर क्षेत्र तत्कालीन लमजुङ राज्यको महत्वपूर्ण ऐतिहासिक केन्द्र मानिन्छ । यही क्षेत्रमा पुरानो दरबार, प्रशासनिक संरचना र धार्मिक स्थलहरू रहेकाले रानीकुवा पनि त्यही ऐतिहासिक परिवेशको एउटा हिस्सा भएर विकसित भएको देखिन्छ। रानीकुवा केवल एउटा बस्ती मात्र नभई गाउँसहर प्रवेशको महत्वपूर्ण विन्दु हो। हालको नगर योजनामा पनि गाउँसहर, काउलेपानी, पुरानोकोट गढी र नाल्मा जाने प्रवेशद्वार रानीकुवामा निर्माण गरिएको उल्लेख छ । लमजुङ दरबारसँग जोडिएको यो कुवा स्थानीय जनश्रुतिअनुसार तत्कालीन राजा यशोब्रह्म शाहको पालामा निर्माण गरिएको मानिन्छ । दरबारमा रहेका रानीहरूका लागि सुरक्षित खानेपानी तथा स्नानको व्यवस्था गर्न कुवा खनाइएको विश्वास गरिन्छ। यही कारण यसको नाम 'रानीकुवा' रहन गएको स्थानीयहरूको भनाइ छ । स्थानीय जनश्रुतिअनुसार लमजुङ दरबार र तत्कालीन बसोबासको शैलीसँग गाउँसहर र बेँसीसहरको नामसमेत जोडिएको पाइन्छ। गर्मी याममा माथिल्लो क्षेत्रमा र जाडो याममा बेँसी क्षेत्रमा बसोबास गर्ने चलनका कारण यी नाम प्रचलनमा आएको स्थानीयहरू बताउँछन् । पछि बेँसी क्षेत्रमा बस्ती विस्तार हुँदै जाँदा बेँसीसहरको पहिचान विकसित भएको मानिन्छ।

स्थानीय बूढापाकाहरूका अनुसार कुनै समयमा राजपरिवार वा दरबारका मानिसहरूले प्रयोग गर्ने पानीको कुवा यहाँ भएकाले त्यसको नाम रानीकुवा रहन गएको भन्ने जनश्रुति प्रचलित छ। यद्यपि, यसलाई पुष्टि गर्ने प्रमाणित ऐतिहासिक दस्तावेज हालसम्म सार्वजनिक रूपमा भेटिँदैन। ८६ वर्षीय स्थानीय बासिन्दा माधवप्रसाद घिमिरेका अनुसार सुरुमा रानीकुवा राजपरिवारको प्रयोगका लागि सीमित थियो । समयसँगै आसपास बस्ती विस्तार भयो र स्थानीयले पनि यही कुवाको पानी प्रयोग गर्न थाले। आधुनिक खानेपानीको व्यवस्था भएपछि यसको प्रयोग घटे पनि ऐतिहासिक महत्व भने कायमै रहेको उनी बताउँछन् । स्थानीय इतिहासका जानकार अङ्गराज घिमिरेका अनुसार अहिले सडक रहेको स्थानमा पहिले गोरेटो बाटो थियो । त्यस बाटोमाथि रहेको 'रानी चौतारा' मा यात्रुहरूले विश्राम गर्थे र यही कुवाको पानी पिउँथे। उनका अनुसार रानीहरू पनि यही क्षेत्रमा आउने, स्नान गर्ने र कुवाको पानी प्रयोग गर्ने गर्थे । त्यसैले रानीकुवा केवल पानीको स्रोत नभई तत्कालीन राजकीय जीवन र स्थानीय समाजबीचको सम्बन्धको जीवित साक्षी हो। घिमिरेका अनुसार राजा यशोब्रह्म शाहलाई लमजुङ ल्याउन कुसम्माखरलाई लमजुङका छ थरले अगुवा गर्न आग्रह गरेअनुसार उनले यशोब्रह्मलाई ल्याउन महत्वपूर्ण भूमिका खेलेका थिए । तीमध्ये कुस्माखर घिमिरेको योगदान विशेष रहेको स्थानीय इतिहास र जनश्रुतिमा उल्लेख पाइन्छ। ज्योतिष, राजनीतिक ज्ञान र दूरदर्शिताका कारण परिचित कुस्माखर घिमिरे राष्ट्रिय झण्डाको प्रारम्भिक परिकल्पनासँग समेत जोडिने व्यक्तित्व भएको उनको भनाइ छ।

नेपाल एकीकरणअघि प्रयोगमा रहेको १२ कुना भएको सूर्य र आठ कुना भएको चन्द्र अङ्कित झण्डाको प्रारम्भिक स्वरूपको परिकल्पनामा उनको भूमिका रहेको स्थानीय जनश्रुतिमा पाइन्छ। लमजुङ दरबार संरक्षण समितिका अध्यक्ष राजेन्द्र बोहोराका अनुसार रानीकुवा र लमजुङ दरबारलाई अलग गरेर हेर्न सकिँदैन । दरबारको इतिहास बुझ्न रानीकुवाको संरक्षण पनि उत्तिकै आवश्यक रहेको उनको भनाइ छ। उनका अनुसार इतिहासको संरक्षण केवल पुराना संरचना जोगाउनु मात्र होइन, त्यससँग जोडिएका तथ्य, जनश्रुति, संस्कृति र सामूहिक स्मृतिलाई भावी पुस्तासम्म पु¥याउनु पनि हो । पर्याप्त संरक्षणको अभाव, प्राकृतिक क्षय तथा बढ्दो मानवीय चापका कारण रानीकुवासहित दरबार क्षेत्रका ऐतिहासिक सम्पदाको मौलिकता जोगाउनु चुनौतीपूर्ण बन्दै गएको छ। दरबार, रानीकुवा, रानी चौतारा तथा आसपासका सम्पदालाई समेटेर दीर्घकालीन संरक्षण, व्यवस्थापन र पर्यटन प्रवद्र्धनका लागि गुरुयोजना तयार गर्ने प्रक्रिया अघि बढाइएको अध्यक्ष बोहोराले बताए । लमजुङ दरबार ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण सम्पदा हो । यसको संरक्षण र प्रवद्र्धनका लागि प्रदेश सरकारसहित विभिन्न निकायबाट पहल भइरहेको उनी बताउँछन्।

रानीकुवा गाउँसहर दरबार जाने मार्गमा पर्ने भएकाले यो स्थान तत्कालीन लमजुङ राज्यसँग सम्बन्धित हुनसक्ने स्थानीय विश्वास छ। सरकारी विकास योजनाका कागजातहरूमा पनि रानीकुवा–ऐतिहासिक गाउँसहर दरबार सडकको उल्लेख पाइन्छ, जसले यस क्षेत्रको ऐतिहासिक सम्बन्धलाई सङ्केत गर्छ। दरबार क्षेत्रमा रहेको ऐतिहासिक धारासँग पनि स्थानीय जनविश्वास जोडिएको छ। अहिले पनि चैतेदसैँ र फूलपातीका अवसरमा दरबारमा लाग्ने मेलामा सहभागी हुनुअघि उक्त धारामा स्नान गरेर जाने परम्परा रहेको अध्यक्ष बोहोरा बताउँछन्। स्थानीय तहले पनि रानीकुवाको संरक्षण र प्रवद्र्धनलाई प्राथमिकतामा राखेको जनाएको छ । वडाध्यक्ष चित्रबहादुर दनाईका अनुसार रानीकुवा क्षेत्रको सौन्दर्यीकरण र प्रवद्र्धनका लागि केही वर्षअघि करिब रु छ लाखको लागतमा रानीपार्क निर्माण गरिएको थियो । यसको संरक्षण, ऐतिहासिक अध्ययन र पर्यटन प्रवद्र्धनका लागि थप पहल भइरहेको उनी बताउँछन् । रानीकुवा, लमजुङ दरबार र आसपासका ऐतिहासिकस्थललाई एउटै पर्यटन परिपथका रूपमा विकास गर्ने सोच रहेको उनको भनाइ छ।

यसैबीच ऐतिहासिक परिसरमा अहिले कुस्माखर घिमिरेको शालिक निर्माण अन्तिम चरणमा पुगेको छ। राष्ट्रिय प्रतिष्ठान समितिका अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार स्थानीय स्वर्गीय डिल्लीराज घिमिरेको सम्झनामा उनकी धर्मपत्नी हिमादेवी घिमिरे तथा छोराहरू गुणराज घिमिरे र तोयाराज घिमिरेसहित परिवारले चार आना जग्गा उपलब्ध गराएका छन्। गण्डकी प्रदेश सरकारको रु १५ लाखको बजेटमा निर्माण भइरहेको शालिकको ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको उनले जानकारी दिए। उनका अनुसार भक्तपुरमा निर्माण गरिएको शालिक रानीकुवा परिसरमा ल्याइसकिएको छ र उपयुक्त मिति छनोट गरी स्थापना गरिनेछ । कुस्माखर घिमिरेको ऐतिहासिक योगदानलाई नयाँ पुस्तासम्म चिनाउने उद्देश्यले शालिक निर्माण गरिएको उनी बताउँछन् । अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार रानीकुवा र यसको आसपासको क्षेत्र पुरातात्त्विक दृष्टिले महत्वपूर्ण छ । त्यसैले पुरातत्व विभागसँग समन्वय गरी यसको संरक्षण, अध्ययन, अभिलेखीकरण र प्रचारप्रसारलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ। रानीकुवा आज केवल एउटा पुरानो कुवा होइन, यो लमजुङको इतिहास, जनविश्वास, राजपरम्परा, स्थानीय जीवन र सांस्कृतिक पहिचानको जीवित साक्षी हो। यसको छेउमै निर्माणाधीन कुस्माखर घिमिरेको शालिकले इतिहासका अर्का पात्रलाई नयाँ पुस्तासँग परिचित गराउने प्रयास गरिरहेको छ। रानीकुवा, लमजुङ दरबार, रानी चौतारा, ऐतिहासिक धारा र कुस्माखर घिमिरेसँग जोडिएका सम्पदालाई एउटै संरक्षण र पर्यटन परिपथका रूपमा विकास गर्न सकिएमा यसले लमजुङको इतिहासलाई मात्र होइन, नेपालको सांस्कृतिक पर्यटनलाई पनि नयाँ आयाम दिन सक्ने बताइएको छ। इतिहासका यस्ता सम्पदाहरू ढुङ्गा, माटो वा पानीका संरचना मात्र होइनन्, तिनले एउटा समाजको स्मृति, पहिचान र निरन्तरताको कथा बोकेका हुन्छन्। रानीकुवाले आज पनि त्यही इतिहासको मौन साक्षी बनेर भविष्यलाई अतीतसँग जोडिरहेको छ। रासस

# लुम्बिनीलाई 'डे–टुर' बाट 'स्टे–डेस्टिनेसन'
## बनाउन एकीकृत प्रयास आवश्यक

**कमल रायमाझी**

**भैरहवा।**
बुद्ध जन्मस्थल लुम्बिनी आसपासका व्यवसायी, अध्येता एवं स्थानीयवासीले लुम्बिनी घुम्न आउने पर्यटकलाई कम्तीमा एक दुई दिन यसै क्षेत्रमा अडिने वातावरण सृजना गर्न एकीकृत प्रयास हुनुपर्ने बताएका छन् । सरोकारवाला पक्षले विश्वसम्पदा सूचीमा सूचीकृत पवित्रभूमि एवं धार्मिक तथा पर्यटकीयस्थल लुम्बिनी घुम्न आउनेहरू सोही दिन फर्कने गरेकाले पर्यटकको बसाइ लम्ब्याउन एकीकृत प्रयास हुन आवश्यक रहेको बताएका हुन्। विशेषगरी स्थानीय होटल व्यवसायी, समाजसेवी, युवा तथा कृषकहरूले 'ग्रेटर लुम्बिनी' को अवधारणाअनुसार बुद्धसँग सम्बन्धित तिलौराकोट, देवदह र रामग्रामलगायतका क्षेत्रलाई समेटेर पर्यटकको बसाइ लम्ब्याउन पहल गर्नुपर्ने बताए। उनीहरूले सम्भाव्यताका आधारमा बाह्य देशहरूसँग सीधा हवाई सेवा सञ्चालन गरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई चलायमान बनाउने, स्थानीय सांस्कृतिक गाउँ तथा ध्यान केन्द्रतर्फ पर्यटक आकर्षित गर्ने र ग्रामीण पर्यटनमा जोड दिने नीति अवलम्बन गरी लुम्बिनी क्षेत्रलाई लाभान्वित तुल्याउन सकिने सुझाव दिए।

यसै सन्दर्भमा लुम्बिनी होटल सङ्घका अध्यक्ष लीलामणि शर्माले धार्मिक तथा सांस्कृतिक पर्यटनका दृष्टिले नेपालको सबैभन्दा ठूलो पर्यटकीयस्थलका रुपमा रहेको लुम्बिनी 'ब्राण्ड' का रुपमा चिनिएपनि नीतिगत तथा व्यवस्थापनमा भएको कमजोरीका कारण अपेक्षित लाभ लिन नसकिएको बताए। लुम्बिनी बौद्ध विश्वविद्यालय, केन्द्रीय क्याम्पसका प्रमुख प्रा दयानिधि शर्माले धार्मिक तीर्थस्थल मात्र नभई विश्व बौद्ध दर्शन, शान्ति, अहिंसा र मानव सभ्यताको अध्ययन–अनुसन्धान केन्द्रका रूपमा लुम्बिनीलाई स्थापित गर्नुपर्ने खाँचो औँल्याउँदै शिक्षा, अध्ययन–अनुसन्धान, ध्यान, संस्कृति र पर्यटनलाई एकसाथ जोडी पर्यटन प्रवद्र्धन गर्नुपर्ने धारणा व्यक्त गरे । सोही विश्वविद्यालयका पूर्वक्याम्पस प्रमुख प्रा फणिन्द्र न्यौपानेले विश्वमा हिंसा, द्वन्द्व र मानसिक तनाब बढिरहेका बेला बुद्धको ध्यान, करुणा र मध्यममार्गले मात्रै मानवतालाई सही दिशा दिन सक्ने उल्लेख गर्दै लुम्बिनीलाई केवल घुम्ने ठाउँ मात्र होइन, शान्ति विश्व विद्यालयका रूपमा विकास गरी शैक्षिक केन्द्रका रुपमा स्थापित गर्ने सोचसहित अघि बढ्नुपर्ने बताए।

लुम्बिनी विकास कोषका सदस्य–सचिव ज्ञानीन राईले लुम्बिनीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीयस्थलका रुपमा विकास गर्न सरकार, निजी क्षेत्र, स्थानीय समुदाय र बाह्य साझेदार सङ्घ, संस्थाबीच समन्वयसहित सहयोग र सहकार्य हुनुपर्नेमा जोड दिँदै पूर्वाधार विस्तारसँगै गुणस्तरीय पर्यटन सेवा र विश्वव्यापी प्रचारप्रसारका पक्षमा कोष रहेको स्पष्ट गरे । यसैगरी, लुम्बिनीलाई विश्वको आध्यात्मिक राजधानीका रूपमा विकास गर्ने लक्ष्यअनुसार विभिन्न कार्यक्रम अघि बढाइएको जानकारी दिँदै कोषका सूचना अधिकारी हरि राईले भने, 'लुम्बिनी बुद्ध जन्मिएको स्थान मात्र होइन, विश्वशान्तिको सन्देश प्रवाह गर्ने भूमि हो, यहाँ आउने प्रत्येक व्यक्तिले केही समय ध्यान, साधना र आत्मचिन्तनमा बिताउन सक्ने वातावरण निर्माण गरी बसाइ लम्ब्याउन कोषका तर्फबाट सक्दो प्रयास हुनेछ ।' धर्म, संस्कृति र सभ्यतासम्बद्ध अध्येताका अनुसार लुम्बिनी अब केवल बुद्ध जन्मिएको ऐतिहासिकस्थलमा सीमित नरही मानव सभ्यतालाई आन्तरिक शान्ति र सहअस्तित्वको बाटो देखाउने विश्वव्यापी आध्यात्मिक केन्द्रका रूपमा विकसित हुँदै गएकाले लुम्बिनीको अझ प्रचारप्रसार गरी उल्लेख्य संख्यामा पर्यटक भित्र्याउन सकिने अवस्था छ।

विशेषज्ञहरूका अनुसार विपश्यना, योग, बौद्धदर्शन अध्ययन, अन्तरराष्ट्रिय सम्मेलन तथा शान्ति संवादजस्ता गतिविधिलाई व्यवस्थित रूपमा विस्तार गर्न सकिए लुम्बिनी आउने पर्यटकको बसाइ लम्बिने मात्र होइन, यो विश्वकै प्रमुख आध्यात्मिक पर्यटन गन्तव्यका रूपमा स्थापित हुने देखिन्छ । यसैबीच धार्मिक पर्यटकीयस्थलको सम्भावनासहित पछिल्ला वर्षमा लुम्बिनी क्षेत्रमा 'तारे' होटल, 'रिसोर्ट' र गुणस्तरीय होटलहरू सञ्चालन भए पनि लुम्बिनी आउने पर्यटक दुई चार घण्टा घुमेर बाहिरिने क्रम बढेसँगै अपेक्षित लाभ लिन नसकेको सम्बद्ध व्यवसायी भनाइ छ । स्थानीय होटल व्यवसायीका अनुसार भारतका बनारस, बोधगया, दिल्ली र लखनऊका 'ट्राभल एण्ड टुर अपरेटर' सँग प्रत्यक्ष सहकार्य गरी लुम्बिनी–बनारस 'बिटुबी ट्राभल मार्ट' तथा 'फ्याम ट्रिप' मार्फत धार्मिक र सांस्कृतिक पर्यटनको साझा बजार विस्तार गर्ने अवधारणा कार्यान्वयनमा आएपछि बैंकबाट लिएको कर्जाको ब्याज तिर्न सकिएको छ। विद्यमान अवस्थामा निजी क्षेत्रले लुम्बिनीमा अब थप लगानी गर्न सोच्नुपर्ने अवस्था सृजना भएकाले लगानीमैत्री वातावरणका लागि सरकारका तर्फबाट आवश्यक पहल हुनुपर्ने माग गर्दै लुम्बिनी क्षेत्रका व्यवसायी तथा स्थानीयवासीले हरेक वर्ष लुम्बिनी घुम्न आउने १५ लाख पर्यटकको बसाइ लम्ब्याउन र थप पर्यटक भित्र्याउन सरोकारवाला पक्षबीच सहयोग र सहकार्यसहित एकीकृत हुनुपर्ने खाँचो औँल्याएका छन्। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## राष्ट्रियसभा बैठकः

# 'सहकारी (पहिलो संशोधन) विधेयक' पारित



**काठमाडौँ ।**
राष्ट्रियसभाको बिहिबारको बैठकबाट 'सहकारी (पहिलो संशोधन) विधेयक, २०८३' सर्वसम्मतिले पारित भएको छ । बैठकमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सो विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेको थियो ।

अध्यादेशलाई विस्थापन गर्न ल्याइएको सो विधेयक प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त भएको
हो । सभाले विधायन व्यवस्थापन समितिको संशोधनसहितको प्रतिवेदनलाई स्वीकार गरेको छ । सो विधेयक अब प्रतिनिधिसभामा फिर्ता जानेछ । विधेयकमाथिको छलफलमा उठेका प्रश्नमाथि जवाफ दिँदै मन्त्री रावलले समितिमा आएका संशोधन र मननीय सुझावप्रति धन्यवाद दिएका छन् । विधेयकमाथि छलफलमा डा प्रेम दङ्गालले संशोधनकर्ता सदस्यका विषयलाई सरकारले स्वीकार गरेकामा धन्यवाद दिएका छन् ।

- **आर्थिक विधेयक पारित**

राष्ट्रियसभाको बिहिबारको बैठकबाट 'आर्थिक विधेयक, २०८३' पारित भएको छ । अब सो विधेयक पुनः प्रतिनिधिसभामा फिर्ता जानेछ । प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सो विधेयकमाथि दफाबार छलफलपछि निर्णयार्थ प्रस्तुत गरिँदा बहुमतबाट पारित भएको हो । बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सो 'विधेयक सुझाव विना पारित गरी प्रतिनिधिसभामा फिर्ता पठाइयोस्' भन्ने प्रस्ताव प्रस्तुत गरेको थियो । त्यसअघि उनले सो विधेयकमाथि दफाबार छलफलका लागि प्रस्ताव प्रस्तुत गरेका थिए ।

दफाबार छलफलमा भाग लिँदै सभाका सदस्य डा प्रेम दङ्गाल, सम्झना देवकोटा, रोशनी मेचे र सोमनाथ पोर्तेलले शिक्षा र स्वास्थ्य सेवामा कर थप्न नहुने विषयमा आग्रह गरेका छन् । बैठकको शून्य समय सदस्यहरूले सुकुमवासीलाई सुरक्षित बसोबासको व्यवस्था गर्नुपर्नेलगायत विषयमा ध्यानाकर्षण गराएको थियो । रासस

# रासायनिक मलका लागि हरसम्भव प्रयासरत छौँः मन्त्री चौधरी



**काठमाडौँ ।**
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले बाली लगाउने मुख्य यामहा किसानले समयमै रासायनिक मल पाऊन् भन्ने उद्देश्यका साथ मन्त्रालय हरसम्भव प्रयासरत रहेको बताएका छन । मन्त्रालयको नेतृत्व सम्हालेको सय दिन पूरा भएको अवसरमा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा मन्त्री चौधरीले मल आपूर्ति, वितरण प्रणाली, किसानका गुनासा तथा देशभरबाट प्राप्त सूचनाको प्रत्यक्ष निगरानी भइरहेको जानकारी दिएका छन् ।
'मलको कृत्रिम अभाव, कालोबजारी र बिचौलियाको चलखेल रोक्न छड्के अनुगमन तथा 'स्टिङ' अपरेसनको अघि बढाएका छौँ', उनले भने,किसानका गुनासा तत्काल सुन्ने, सम्बन्धित निकायलाई निर्देशन दिने र समस्या शीघ्र समाधान गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखेका छौँ ।

आर्थिक वर्ष २०८२÷८३ मा चैतदेखि हालसम्म कृषि सामग्री कम्पनी लिमिटेडबाट ५३ हजार ७१६.४५ मेट्रिकटन तथा साल्टट्रेडिङ कर्पोरेसनबाट ३५ हजार ४७८.१० मेट्रिकटन अनुदानित रासायनिक मल बिक्रीवितरण गरिएको मन्त्री चौधरीले जानकारी दिएका छन् । साथै, दुवै कम्पनीबाट गत चैतयता तीन लाख ५० हजार मेट्रिकटन (जिटुजीको ५० हजार मेट्रिकटनसमेत) बोलपत्र आह्वान गरिएको छ । आगामी साउन महिनाभित्र थप दुई लाख १० हजार मेट्रिकटन रासायनिक मल आयात गरी किसानलाई थप वितरण गर्ने प्रकिया अगाडि बढाइएको उनले बताएका छन् ।
कार्यक्रममा सचिव डा राजेन्द्रप्रसाद मिश्रले चालु आवमा १३ चिनी मिलमा उखु क्रसिङ गराएका करिब ६८ हजार किसानहरुलाई नेपाल सरकारले तोकेको खरिद मूल्य रु ६२० प्रतिक्विन्टलअनुसार मिलले भुक्तानी गर्नुपर्ने रु दुई करोड २१ लाख क्विन्टलबापतको रकम रु १३ अर्ब ७६ करोड भुक्तानीमा सहजीकरण भई हालसम्म भुक्तानी गरिनुपर्ने रकमको करिब ९२ प्रतिशत मिलबाट भुक्तानी भइसकेको जानकारी दिएका छन् । बाँकी किसानको पनि खातामा देखिएको समस्या सम्बोधन गरी भुक्तानीका क्रममा रहेको र केही दिनभित्रै शतप्रतिशत भुक्तानी हुने उनले बताए ।

यसैगरी, सरकारकोतर्फबाट दिइने अनुदान रकम प्रतिक्विन्टल रु ७० का लागि रु एक अर्ब ५२ करोड रकम आठवटा कोष तथा लेखा नियन्त्रक कार्यालयमा गइसकेको र आजै सबै किसानको खातामा भुक्तानी हुनेछ । सचिव डा मिश्रले विभिन्न २६ आयोजनाका लागि राष्ट्रिय वनको २७५.२४ हेक्टर जग्गाको भोगाधिकार प्रदान गरिएको जानकारी दिनुभयो । साथै उक्त वन क्षेत्रमा रहेका ३० हजार ५३२ रूख तथा पोल हटाउन अनुमति प्रदान गरिएको छ । यस अवधिमा एक करोड १९ लाख क्युफिट काठ उत्पादन भई रु २४ करोड राजस्व जम्मा भएको छ ।
मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि मन्त्रालयले विशेषज्ञको संयोजकत्वमा १५ सदस्यीय प्राविधिक समिति गठन गरेको छ । उक्त समितिले वन्यजन्तुबाट हुने क्षति नियन्त्रण, नीति तथा कार्यक्रममा सुधार र स्थानीय तहमा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने बताइएको छ । यस अवधिमा 'राष्ट्रिय बाघ तथा सिकार प्रजाति सर्वेक्षण– २०२६' को क्यामेरा–ट्र्यापिङ सम्पन्न भएको छ । बाघ तथा सिकार प्रजाति सर्वेक्षणका लागि गरिएको क्यामेरा–ट्र्यापिङ चरण सकिएको र अन्तिम नतिजा राष्ट्रिय बाघ दिवस २०२६ मा सार्वजनिक गर्ने तयारी रहेको मन्त्रालयले जनाएको छ ।
त्यस्तै मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा ठोस प्रगति देखिएको मन्त्रालयले जनाएको छ । एक सय ४१ वन्यजन्तु उद्धार, १०० 'सिकारी जनावर प्रतिरोधी खोर' निर्माण, सामुदायिक हात्ती प्रतिकार्य टोली परिचालन, सचेतना कार्यक्रम ५६९, तथा मानव–बाँदर द्वन्द्व अध्ययन प्रतिवेदन अन्तिम रुप दिएर नीतिगत सिफारिस गरिएको मन्त्रालयको भनाइ छ । रासस

## अन्तरदेशीय ऊर्जा 'कनेक्टिभिटी'

# नेपालको उच्च प्राथमिकताः मन्त्री श्रेष्ठ




**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले नेपालले अन्तरदेशीय ऊर्जा 'कनेक्टिभिटी' मार्फत ऊर्जा व्यापारका लागि छिमेकी राष्ट्रसँग समन्वय र सहकार्य गर्दै आइरहेको बताएका छन् । बिहिबार भएको 'इनर्जी कनेक्टिभिटी इन साउथ एसियाको रिजनल लञ्च इभेन्ट' मा उनले अन्तरदेशीय प्रसारणलाइन मार्फत नेपालले भारत र बङ्गलादेशमा विद्युत् व्यापार गर्दै आइरहेको बताउ ।
नेपालले द्विपक्षीय तथा बहुपक्षीय माध्यमबाट भारतको ग्रिड प्रयोग गरी बङ्गलादेशमा विद्युत् निर्यात गर्दै आइरहेका छौँ, उनले भने, अन्तरदेशीय ऊर्जा कनेक्टिभिटी मार्फत नै छिमेकी मुलुकबीच समन्वय र सहकार्य गरी नवीकरणीय ऊर्जाको प्रवद्र्धन गर्न आवश्यक छ । ऊर्जा कनेक्टिभिटी नेपालको उच्च प्राथमिकतामा छ । मन्त्री श्रेष्ठले नेपालले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट क्षमताको जलविद्युत् आयोजना सम्पन्न गरेर छिमेकी मुलुकमा नवीकरण ऊर्जाको स्रोतको रुपमा रहेको जलविद्युत्बाट उत्पादित विद्युत् निर्यात गर्ने लक्ष्यसहित काम भइरहेको बताए ।
नेपालले अहिले छिमेकी मुलुक भारत तथा चीनसँग सीमा जोडिएका क्षेत्रमा ४०० केभी क्षमताको 'डब्बल सर्किट'का प्रसारणलालाइन निर्माणका योजनालाई अघि बढाइ रहेको छ । प्रसारणलाइन निर्माणले पूर्णता पाएसँगै अन्तरदेशीय विद्युत् व्यापारको सम्भावना र ढोका अझै खुल्नेछ । नेपालका लागि युरोपियन युनियन (ईयु)का आवासीय राजदूत भेरोनिक लोरेन्जाले ऊर्जा कनेक्टिभिटीमार्फत स्वच्छ ऊर्जाको प्रवद्र्धन गर्ने नीति अघि सार्नुपर्ने बताए । उनले भने, युरोपियन मुलुकले अन्तरदेशीय इनर्जी कनेक्टिभिटीहरुको अभ्यास गरिसकेकाले पनि दक्षिण एसियाली मुलुकले पनि युरोपियन अनुभवलाई कार्यान्वयन गर्दा प्रभावकारी हुने देखिन्छ ।
जलवायु परिवर्तनसँग जुध्न पनि स्वच्छ ऊर्जा प्रवद्र्धन गर्नुको विकल्प नरहेको उल्लेख गर्दै उनले दक्षिण एसियाली मुलुकले पनि हरित ऊर्जातर्फ अघि बढ्नुपर्ने बेला भइसकेको बताए । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले स्वच्छ ऊर्जा प्रवद्र्धन र अन्तरदेशीय कनेक्टिभिटी बढाउनका लागि विभिन्न मुलुकहरुबीच सहकार्य र समन्वयको आवश्यकता रहेको औँल्याए । उनले अन्तरदेशीय विद्युत् व्यापारलाई अझ व्यवस्थित र सरलीकृत गर्न आवश्यक रहेको बताए ।
फलोरेन्स स्कुल अफ रेगुलेसनका कार्यकारी उपनिर्देशक अल्बर्टो पोटोत्स्निगले अन्तरदेशीय विद्युत् व्यापारको कारणले सहुलियत तथा सस्तो मूल्यमा एक–अर्को मुलुकलाई विद्युत् व्यापार गर्ने वातावरण बन्ने बताए । फ्रान्सका दिगो विकास विभागका निर्देशक निकोलस चेनेटले पछिल्लो समय ऊर्जा सुरक्षा विश्व बजारको मुख्य विषयवस्तु भएको धारणा राखे । रासस

## प्रतिनिधिसभाः

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



**काठमाडौँ ।**
प्रतिनिधिसभाका सांसदहरुले सडक दुर्घटना न्यूनीकरण, सर्वसुलभ विशेषज्ञ स्वास्थ्य सेवा, विपद् व्यवस्थापन, नदी कटान तथा डुबान नियन्त्रणलगायत समसामियक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । सभाको बिहिबारको बैठकको विशेष समयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का राजुनाथ पाण्डेले सडकको बीच भागमा रहेका बिजुलीको खम्बा नहटाउँदा दुर्घटनाको जोखिम बढेको बताएका छन् । नेपाली कांग्रेसका सुशीला ढकाल आचार्यले पछिल्लो तीन दशकमा मुलुकमा 'केही भएन भन्ने' र वर्तमान सरकारको एक सय दिनमा मुलुक कायपलट भयो भन्ने दुवै भाष्य गलत भएको बताएका छन् ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का क्षितिज थेवेले निर्वाचनमा प्राप्त जनादेशअनुसार जनअपेक्षा पूरा गर्न सरकारका प्रयास केन्द्रित हुनुपर्ने बताएका छन् । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का महेन्द्रबहादुर शाहीले कर्णाली प्रदेशका जिल्लामा सडक दुर्घटना बढ्दै गइरहेकामा चिन्ता व्यक्त गर्दै सुरक्षित सडक निर्माणमा पर्याप्त बजेट विनियोजन गर्न सरकारलाई सुझाव दिएका छन् । श्रम संस्कृति पार्टीका ध्रुवराज राईले पहाडी क्षेत्रमा बाँदरसम्बन्धी समस्याबाट किसान विस्थापित हुनेक्रम बढिरहेको जनाउँदै बाँदर, बँदेलजस्ता जङ्गली जनावर नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराए ।
रास्वपाका ताहिर अलि भाटले सरकारी अस्थायी, करार र ज्यालादारी कर्मचारीको समस्या समाधान गर्न सुझाव दिएका छन् । सोही पार्टीका अरबिन्द साहले वर्तमान सरकारले पछिल्लो एक सय दिनमा सुशासन, आर्थिक र प्रशासनिक सुधार, डिजिलट प्रविधिको विस्तार तथा राज्यका आधारभूत संरचना बलियो बनाउने दिशामा प्रगति गरेको बताएका छन् । कांग्रेसका खड्कबहादुर बुढाले जाजरकोट भूकम्पबाट प्रभावित नागरिकको पुनःस्थापनामा ध्यान दिन सरकारसँग माग गरेका छन् । एमाले सांसद रिङ्गला यादवले वर्षौंदेखि भूमि र पहिचानका लागि लड्दै आएका नवलपरासी पश्चिम सुस्ता क्षेत्रका नागरिकको माग तत्काल सम्बोधन गर्न माग गरे ।
नेकपाका रमेशकुमार मल्लले नेपालको परराष्ट्र नीतिका आधारका रुपमा रहेका स्वतन्त्रता, असंलग्नता, पञ्चशीलको सिद्धान्त, सार्वभौमिक समानता, पारस्परिक सम्मान र सन्तुलित छिमेकी नीतिलाई सरकारले पूर्णपालना गर्नुपर्ने बताएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीका सरस्वती लामाले राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सलाई युरोपेली सङ्घको कालोसूचीबाट हटाउन आवश्यक पहल गर्न सरकारलाई सुझाव दिएका छन् । रास्वपाका ठाकुरसिंह थारुले बर्दियामा सर्पदंशका बिरामी बढ्दै गइरहेका अवस्थामा बर्दिया अस्पतालमा सघन उपचार कक्ष सञ्चालनमा ल्याउन सरकारसँग माग गरेका छन् ।
सांसद रुक्मिणीदेवी कोइरालाले 'होल्डिङ सेन्टर'मा राखिएका सुकुमवासी र भूमिहीन नागरिकलाई तत्काल भूमिको स्वामित्वसहित पुनःस्थापित गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । एमालेका ऐनबहादुर महरले छिमेकीसँगको सम्बन्धका विषयमा नेपालको प्रतिबद्धताबारे सरकारको जवाफ माग गरेका छन् । रास्वपाका बिना गुरुङले बेलायती गोर्खा सैनिकका सन्ततिको वंशजको नागरिकतासम्बन्धी समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।
रास्वपाका खगेन्द्र सुनारले जेनजी आन्दोलनमा दमन गर्नेमाथि कहिले कारबाही हुन्छ भनी सरकारसँग प्रश्न गरेका छन् । सोही पार्टीका सागर भुसालले बाँदर आतङ्क प्रभावित किसानलाई तत्काल राहत दिन सरकारसँग माग गरेका छन् । सांसद नरेन्द्र साह कलवारले असार मसान्त नजिकिँदै गर्दा विकास गर्नेभन्दा पनि बजेट सम्पन्न गर्ने प्रवृत्तिले शासन प्रणालीमाथि गम्भीर प्रश्न उठाएको जनाउँदै आगामी आर्थिक वर्षदेखि उक्त प्रवृत्ति अन्त्य गर्न सुझाव दिएका छन् ।
रास्वपाका प्रदीप विष्टले काठमाडौँ क्षेत्र नं १० का कीर्तिपुर, दक्षिणकाली र चन्द्रागिरि नगरपालिकामा पिउने पानीको अभाव भइरहेको जनाउँदै सो क्षेत्रका खानेपानी मुहान संरक्षण गरी न्यायोचित रुपमा पानी वितरण गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । सोही पार्टीका ज्ञानु पौडेलले सीमा क्षेत्रमा हुनसक्ने लागुऔषधको अवैध ओसारपसारका गतिविधि नियन्त्रण गर्न सरकारसँग माग गरेका छन् । रास्वपाका राम लामाले बर्सेनि रासायनिक मलको अभाव हुने समस्या सदाका निम्ति समाधान गर्न स्वदेशमै मल उत्पादन कारखाना स्थापना गर्न सरकारलाई सुझाव दिएका छन् । रास्वपाका रुकेश रञ्जितले भक्तपुर नगरपालिका–२ मा रहेको देको–मिवा–इतापाके जग्गा एकीकरण आयोजना तत्काल सम्पन्न गरी स्थानीयलाई राहत दिन माग गरेका छन् ।
सोही पार्टीका बुद्धरत्न महर्जनले काठमाडौँ उपत्यकालाई तराईसँग जोड्ने वैकल्पिक मार्गका रुपमा रहेको कान्ति लोकपथको मापदण्ड र रुटकाबारेमा नागरिकलाई तत्काल जानकारी दिन आग्रह गरेका छन् । रास्वपाका ललिताकुमारीले चिकित्सा विज्ञानमा शून्य जोखिम नहुने उल्लेख गर्दै चिकित्सकमाथि हुने आक्रमण रोक्न सरकारको ध्यानाकर्षण गराएका छन् । सोही पार्टीका ज्ञानेन्द्रसिंह महता कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ अन्तर्गतका केही बस्ती महाकाली र जोगबुढा नदीमा आउने बाढीका कारण डुबानको उच्च जोखिममा रहेका उल्लेख गर्दै डुबान तथा नदी कटान रोक्ने योजना बनाउन सरकारलाई सुझाव दिएका छन् ।
सोही पार्टीका राजीव खत्रीले सुदूरपश्चिमका किसानलाई सिँचाइ, लगानी, मलबीउ, प्रविधि हस्तान्तरण गरी राहत दिन माग गरेका छन् । त्यसअघि बैठकमा समय लिएर नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का प्रमुख सचेतक युवराज दुलालले त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि एक पुरुषले आत्मदाहको प्रयास गरेको भन्ने समाचारका सम्बन्धमा सरकारको जवाफ माग गरेको थियो । रासस

# वित्तीय ज्ञानपछि महिला आयआर्जनमा



**टीकापुर ।**
वित्तीय बचतबारे ज्ञान सिकेपछि कैलालीका महिला आयआर्जनमा जोडिएका छन् । आम्दानी र खर्चको लेखाजोखा गर्ने र फजुल खर्च घटाउने ज्ञान सिकेपछि परिवारका सदस्य वैदेशिक रोजगारीमा रहेका महिला श्रीमान्को कमाइ बचत गर्ने र आफू पनि स्वरोजगार बन्न थालेका हुन् । टीकापुर नगरपालिकाले वैदेशिक रोजगारीमा रहेका परिवारका महिलालाई वित्तिय साक्षरता कक्षा दिएपछि उनीहरुले रकमको महत्व बुझेर आयआर्जनमा लागेका छन् ।
‘स्वदेशमा नै रोजगारी गरौँ, वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना र सीप सिकेर मात्र जाऔँ’ भन्ने नाराका साथ वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि सघाउँदै आएको नगरपालिकाले मनोसामाजिक परामर्श सेवा र वित्तीय साक्षरता कक्षामा सहभागी गराएपछि आफूहरूको जीवन फेरिएको र आयआर्जनका कार्यमा लागेका महिलाहरू बताउँछन् । वित्तीय साक्षरता कक्षामा सहभागी भएपछि टीकापुरको सत्तीकी विपना गुरुङको जीवन फेरिएको छ । विपनाले दैनिक जीवनमा आइपर्ने व्यवहारिक कुराहरू, रकमको महत्वबारेमा बुझेको बताउँदै सीप सिकेर मात्रै विदेश जानुपर्छ भन्ने कुरा सिकेको बताएका छन् ।
विपनाका श्रीमान सुरुमा विदेश जाँदा तालिम बिना गएका थिउयो । उनले विदेशमा धेरै कठिन काम गर्नुपर्यो । पछिल्लोपटक विपनाले सीप सिकेर मात्रै विदेश जानुपर्छ भन्ने सिकेपछि स्वदेश फर्किएका विपनाका श्रीमान् अहिले तालिम लिएर जादा र राम्रो कमाइ भइरहेको छ । वित्तीय साक्षरता कक्षापछि बिपनाले पनि टिकापुर नगरपालिकाले दिएको वेतबासका फर्निचर निर्माणसम्बन्धी ४५ दिने तालिम लिए । तालिमपछि सत्तीमै उनले रोजगारी पनि पाए । अहिले विपनाको कमाइले घर खर्च चलेको र दैनिक जीवन चलाउन सहज भएको छ भने श्रीमानको कमाइ बचत भएको उनी बताउछन् । मेरो घरखर्च पहिला धेरै हुन्थ्यो, श्रीमानको कमाइ घरखर्चमै सकिन्थ्यो, उनले भनिन, पालिकाले तालिम दिएपछि मैले सीप सिकेर स्थानीय तिलगङ्गा बेतबास फर्निचर उद्योगमा काम गरिरहेकी छु । अब म घरमै बसेर पनि बेतबासका फर्निचर बनाएर कमाउन सक्छु ।
वित्तीय साक्षरता कक्षामा वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यका महिलाहरुलाई विदेशको कमाइ कसरी बचत गर्ने र स्वदेशमै आयआर्जन गरी आम्दानीका स्रोतहरू कसरी बढाउने भन्ने विषयमा सिकाइन्छ । उनीहरु फजुल खर्च घटाउने, खर्च र आम्दानीको हिसाबकिताब राख्ने, अनावश्यक क्षेत्रमा हुने खर्चहरू घटाउने बारेमा सचेत भएका बताउँछन् । यस वर्ष टीकापुरका दुई ठाउँमा वित्तीय साक्षरता कक्षा सञ्चालन गरिएको थियो ।
विपनाजस्तै टीकापुर नगरपालिका–२ कोठारपुरकी सीता चौधरीको पनि वित्तीय साक्षरता कक्षापछि जीवन फेरिएको छ । श्रीमान् विदेशमा हुँदा श्रीमान्को कमाइ पर्खेर बस्ने सीतालाई तालिमपछि खर्च र आम्दानीको लेखाजोखा, सीप सिकेर रोजगारी बन्नुपर्छ भन्ने ज्ञान भएपछि उनले पनि मेड्पा कार्यक्रमअन्तर्गत तालिम लिईन । सुरुमा सिलाई कटाइ तालिम लिएर अरुको पसलमा काम गर्नुभएकी सीता अहिले आफैले टेलर खोलिन । पसलमा राम्रो आम्दानी भइरहेको र दैनिक पाँच जनाले नियमित रुपमा सिलाइकटाइ सिकिरहेको उनी सुनाउछिन । अब म कपडा सिलाएर कमाइ गर्ने र अरुलाई पनि सिकाउने भएकी छु, उनले भनिन, मैले समयमा सीप सिक्न पाए, कमाइ गर्न थालेपछि श्रीमान् पनि खुसी भए ।
वित्तीय साक्षरता कक्षामा सहभागी धेरै महिलाको जीवन फेरिएको छ । टीकापुरको अस्नेहरीकी अर्की सीता चौधरी पनि वित्तीय साक्षरता कक्षामा सहभागी भएपछि नास्ता पकाउने तालिम लिनुभएको छ । अब उहाँ नजिकै रहेको विद्यालयमा भान्से पदमा रोजगारी गर्ने सल्लाह भइरहेको बताउछन । सीताले खाना पकाउँदा बिजुलीको बचत कसरी गर्ने, आगोको बचत कसरी गर्ने, आफू सुरक्षित कसरी हुने र बालबालिकालाई गलत बाटोमा लाग्नबाट कसरी जोगाउने भन्ने बारेमा पनि सिक्न भएको छ । सीताका श्रीमान् पाँच वर्ष मलेसिया बसेर घर फर्कनुभएको छ । अहिले काठमाडौँमा सीप सिक्दै हुनुहुन्छ र सीप सिकेर फेरि जाने तयारीमा रहेको उनको भनाइ छ । ‘मैले घरमै पनि महिलाले अनावश्यक हुने खर्च कसरी बचत गर्न सक्छन् भन्ने सिके’, उनी भन्छिन, ‘आजभोलि मेरो घरमा पानी र बिजुलीको बिल पनि पहिलेको तुलनामा घटेको छ ।’
टीकापुर–१ नयाँ टीकापुरकी उर्मिला खड्काले विदेश जाँदा ‘पासपोर्ट’मा मात्रै चाहिन्छ भन्ने बुझेको थियो । वित्तीय कक्षामा सहभागी भएपछि विदेश जाँदा अन्य कागजात पनि चाहिन्छ, कागजातको फोटोकपी परिवारका सदस्यले पनि राख्नुपर्छ भन्ने कुरा सिकेको र घरका परिवारका सदस्यले पनि आयआर्जनका कार्यमा लाग्नुपर्छ भन्ने बुझाइको विकास भएको बताउछन । विगतमा आफ्नो बारीमा फर्केको फलेको तरकारी छिमेकीलाई बाड्ने, बचेको गाईबस्तुलाई खुवाउने गर्थे, उर्मिलाले भनिन, आजभोलि बिक्री गर्न थालेकी छु । मैले पनि सिलाइकटाइ तालिम सिकेकी छु । अब कामको खोजीमा छु । घरायसी खर्च घटाउन थालेको छु । महिलाहरुले आजभोलि आम्दानी र खर्चको हिसाबकताब राख्ने, घर खर्चमा हुने फजुल खर्च घटाउन थालेको जनाएका छन् ।
नगरपालिकाले सञ्चालन गरेको सामी कार्यक्रमका रिटर्नी स्वयंसेवक धनबहादुर बुढा मगर विसं २०७० बाट निरन्तर वैदेशिक रोजगारी सुरक्षित र उनीहरुका परिवारको सहज जीवनका लागि सामी कार्यक्रममा काम गरिरहेका बताएका छन् । १३ वर्षअघिको वैदेशिक रोजगारीको सुरक्षा र अहिलेको वैदेशिक रोजगारीमा जानेहरूको अवस्था फेरिएको छ, उनी भन्छिन, हामीजस्ता स्वयंसेवकका बारेमा स्थानीय सरकारले ध्यान दिनुपर्छ ।
टीकापुर नगरपालिका–१ का वडाध्यक्ष मोहन लुहार विकले सामी कार्यक्रमले वैदेशिक रोजगारीमा गएका परिवारको सुरक्षा र वित्तीय बचतमा सघाएको बताउछन । उहाँले तालिम सिकिसकेका उद्यमी बन्ने, व्यवसाय गर्ने कार्य सुरु गर्नुपर्ने बताए । हामी सीप सिकेर व्यवसाय गर्नेलाई जहिले पनि सघाउँछौँ, हामीसँग सीप सिकाउने रोजगार सेवा केन्द्र, मेड्पा लगायतका कार्यक्रम छन्, उनी भन्छन, सीपपछि व्यवसाय गर्नेलाई समन्वय र अन्य खाले सहयोग जुटाइदिनेछौँ ।
वडा नम्बर ७ का वडाध्यक्ष यज्ञप्रसाद न्यौपानेले हाम्रो समाजका पुरुषहरू अधिकांश विदेशमा, नेपालमै रहेकाहरू रोजगारीमा, केही कृषि कर्ममा लागेका र केही गलत बाटो लागुऔषध दुव्र्यसनमा फसेकाले चिन्ता बढेको बताएका छन् । उनले विदेशको कमाइ व्यवस्थापनमा महिलाहरूको ठूलो जिम्मेवारी हुने बताउँदै वित्तीय कारोबार गर्दा सचेत र जिम्मेवार हुनका साथै फजुल खर्च घटाउन सुझाव दिए ।
टीकापुर नगरपालिकाका रोजगार शाखा प्रमुख दिनेशराज शर्माले अहिले पालिकाले एकीकृत रुपमा सीपमूलक तालिम दिन प्रयास गरिरहेको बताउँदै सङ्घ सरकारको कार्यविधि आइसकेकाले सहकार्य गरी एकीकृत रुपमा उद्यमी बन्न चाहने, सीप सिक्न चाहनेहरूका लागि तालिमका अवसरहरु सिर्जना गरिने बताएका छन् ।
टीकापुर नगरपालिकाका लेखा अधिकृत लक्ष्मी ओडले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनुका साथै कमाइ पनि सही सुदपयोग गनुपर्नेमा परिवारका सदस्यसमेत सचेत हुनुपर्ने बताएका छन् । सामी कार्यक्रमका मनोसामाजिक परामर्शकर्ता मिना कुँवरले वैदेशिक रोजगारीले मानसिक समस्या हुनसक्ने भएकाले परिवारका सदस्य पनि काममा ब्यस्त रहनुपर्ने बताएका छन् । हामीले समस्यामा रहेकालाई मनोसेवा दिने गरेका छौँ, यसका साथै वित्तीय साक्षरता कक्षामार्फत आयआर्जनका कार्यमा लाग्न हौसला दिन्छौँ, उनी भन्छन, विदेश र स्वदेशको कमाइ सही ठाउँमा लगानी गर्न, सुरक्षित कारोबार गर्न पनि सिकाउने गरेका छौँ । रासस

# हर्मुजमा फेरि अमेरिका–इरान भिडन्त



**काठमाडौं ।**
रणनीतिक महत्त्वको हर्मुज जलघाँटीलाई केन्द्र बनाएर अमेरिका र इरानबिच दोस्रो दिन पनि सैन्य आक्रमण र प्रतिआक्रमण जारी रहेको छ । समुद्री मार्गको नियन्त्रण, अन्तर्राष्ट्रिय जहाजहरूको आवतजावत तथा क्षेत्रीय सुरक्षालाई लिएर दुवै पक्षबीच तनाव चुलिँदा मध्यपूर्वको सुरक्षा अवस्था थप जटिल बनेको छ ।
अमेरिकी सेनाले हर्मुज जलघाँटीमा अन्तर्राष्ट्रिय जहाजहरूको स्वतन्त्र आवागमनलाई जोखिममा पार्ने इरानको क्षमता कमजोर पार्ने उद्देश्यले पछिल्लो सैन्य कारबाही गरिएको जनाएको छ । अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) का अनुसार करिब ९० वटा सैन्य लक्ष्यमा आक्रमण गरिएको छ । इरानको उत्तरपूर्वस्थित रेल पुल, तटीय बुसेहरस्थित सैन्य आधार, बन्दर अब्बास, कोणार्क, चाबहार तथा किश टापु आसपासका क्षेत्रमा विस्फोट भएका छन् । केही स्थानमा विद्युत् आपूर्ति समेत अवरुद्ध भएको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् ।
इरानको इस्लामिक रिभोलुसनरी गार्ड्स ९आइआरजिसी० ले त्यसको प्रत्युत्तरस्वरूप बहराइन र कुवेतस्थित अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गरी क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको जनाएको छ । बहराइनको राजधानी मनामामा विस्फोटको आवाज सुनिएको एएफपीका संवाददाताले बताएका छन् भने कुवेतले शत्रुतापूर्ण क्षेप्यास्त्र र ड्रोन आक्रमणहरू अवरोध गरिएको जनाएको छ । अमेरिकी अधिकारीका अनुसार इरानको पछिल्लो आक्रमणबाट अमेरिकी पक्षमा कुनै ठुलो क्षति वा मानवीय हताहत भएको छैन ।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविराम समाप्त भएको बताउँदै थप वार्ताका लागि ढोका भने खुला रहेको उल्लेख गरेका छन् । उनले ट्रुथ सोसलमार्फत इरानले व्यापारिक जहाजमाथि गरेको आक्रमणको प्रतिशोधस्वरूप अमेरिकी कारबाही गरिएको दाबी गर्दै पुनः यस्ता गतिविधि भए अझ कडा जवाफ दिइने चेतावनी दिएका छन् ।
यसैबिच, इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर घालीबाफले हर्मुज जलघाँटी इरानी व्यवस्थाअन्तर्गत मात्र सञ्चालन हुने स्पष्ट पारेका छन् । उनले अमेरिकाले धम्की र प्रतिबद्धता उल्लङ्घनको परिणाम नहुने ठान्न नहुने चेतावनी दिँदै इरानमाथि आक्रमण भए जवाफ पनि त्यहीअनुसार दिइने बताएका छन् ।
फेब्रुअरीमा अमेरिका–इजरायल आक्रमणपछि सुरु भएको युद्धयता इरानले हर्मुज जलघाँटीमाथि नियन्त्रण कायम राख्ने नीति अघि बढाउँदै आएको छ । तेहरानले जलमार्ग प्रयोग गर्ने जहाजबाट शुल्क लिने र तोकिएको मार्गबाट विचलित हुने जहाजमाथि कारबाही गर्ने चेतावनी दिँदै आएको छ । हालैका दिनमा इरानले कम्तीमा तीनवटा जहाजमा आक्रमण गरेको घटनापछि अमेरिकाले व्यापक सैन्य कारबाही थालेको हो ।
पछिल्ला आक्रमणहरू फेब्रुअरी २८ मा युद्धको सुरुआतमै मारिएका इरानका पूर्व सर्वोच्च नेता अली खामेनीको बिहीबार हुने अन्त्येष्टिअघि भएका हुन् । प्रारम्भिक आक्रमणमा दुवै पक्षले दर्जनौँ लक्ष्यमा प्रहार गरेको बताएका छन् । इरानी सरकारी टेलिभिजनका अनुसार आठ जना इरानी सैनिक मारिएका छन् भने सेन्टकमले यसअघि ८० भन्दा बढी लक्ष्यमा आक्रमण गरिएको जनाएको थियो ।
क्षेत्रीय तनाव बढिरहेका बेला संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सबै पक्षलाई अधिकतम संयम अपनाउन आग्रह गरेका छन् । रासस

# अपाङ्गता भएका व्यक्तिलाई आयआर्जनमूलक सामग्री वितरण



**भोजपुर।**
भोजपुरको पौवादुङमा गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर सुधार गर्न कुटानीपिसानी मिलसहित विभिन्न आयआर्जनमूलक सामग्री वितरण गरेको छ। अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रममार्फत ‘व्यावसायिक तथा रोजगार प्रवद्र्धन कार्यक्रम’अन्तर्गत गाउँपालिकाले ७५ प्रतिशत अनुदानमा उक्त सामग्री वितरण गरेको हो।
स्थानीय तहले लक्षित वर्गको आर्थिक सशक्तीकरणलाई प्राथमिकतामा राख्दै कार्यक्रम सञ्चालन गरेको जनाएको छ । गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईका अनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई स्वरोजगारतर्फ उन्मुख गराई उनीहरूको दैनिक जीवनयापनमा सहजता ल्याउने उद्देश्यले सामग्री वितरण गरिएको हो । ‘सहयोग मात्रै होइन । आयआर्जनसँग जोडिने खालका कार्यक्रममार्फत दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउने हाम्रो लक्ष्य हो’, उनले भने। कार्यक्रमअन्तर्गत गाउँपालिकाले ६ वटा कुटानीपिसानी मिल वितरण गरेको छ। यसैगरी सुगुरपालनका लागि १९ जना, कुखुरापालनका लागि एक जना, अदुवाखेतीका लागि तीन जना र एक जनालाई हिलट्याङ्क उपलब्ध गराइएको छ । यी सामग्रीले लाभग्राहीलाई साना घरेलु उद्यम सञ्चालन गर्न मद्दत गर्ने गाउँपालिकाको भनाइ छ।
स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर बनाउन लक्ष्यले सञ्चालन गरेको कार्यक्रम प्रभावकारी रहेको पौवादुङमा–६ ठूलोदुम्माका स्थानीय दीपक राईले बताए । प्राप्त सामग्रीले आफ्नो दैनिकी सहज बनाउने उनको भनाइ छ। ‘यसले घरमै बसेर काम गर्न सकिने अवस्था बनाएको छ’, उनले भने, ‘अब आम्दानीको बाटो खुल्ने विश्वास छ, । गाउँपालिकाले गरेको सहयोगले हामी असक्तहरुलाई लाभ पुगेको छ ।’ गाउँपालिका अध्यक्ष किरण राईले स्थानीय उत्पादनलाई बजारसँग जोड्न तिवारीभन्याङमा ‘कोसेली घर’ निर्माण गर्ने योजना रहेको जानकारी दिए। उक्त कोसेली घरमार्फत उत्पादन गरेका कृषि सामग्री सङ्कलन तथा बिक्री–वितरण गरिने योजना रहेको उनले जानकारी दिए।
प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले १ देखि ६ वटै वडाका अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी कार्यक्रम सञ्चालन गरिएको बताए। उनले चार लाख ६० हजार बराबरको बजेटमा कार्यक्रम सञ्चालन जानकारी दिए । गाउँपालिकाले यस्ता कार्यक्रमलाई आगामी दिनमा थप विस्तार गर्दै लक्षित समुदायलाई उत्पादन र बजार व्यवस्थापनसँग जोड्ने योजना बनाएको जनाएको छ। रासस

# खामेनीको अन्त्येष्टिमा हजारौँ सहभागी



**इरान ।**
इरानका दिवङ्गत सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको अन्त्येष्टि कार्यक्रमअन्तर्गत इराकका पवित्र सहर नजाफ र कर्बलामा बुधबार हजारौँ शोकाकुल सहभागी भएका छन् । अत्यधिक भीडका कारण केही समय शवयात्रा अव्यवस्थित बनेपछि शव बोक्ने टोलीले कफिनलाई सुरक्षित राख्न भुइँनजिक झार्नुपरेको थियो ।
फेब्रुअरीको अन्त्यतिर अमेरिका र इजरायलले इरानमाथि गरेको व्यापक आक्रमणमा ८६ वर्षीय खामेनीको मृत्यु भएको थियो । उनी युद्धका क्रममा मारिएका वरिष्ठ इरानी नेतामध्ये एक थिए । उनको अन्त्येष्टिका कारण केही समय रोकिएको अमेरिका–इरान वार्ताबीच पछिल्ला दिनमा पुनः सैन्य तनाव चर्किएको छ । तेहरानले हर्मुज जलघाँटीमा तीन जहाजमाथि आक्रमण गरेको आरोप लगाउँदै अमेरिकी सेनाले बुधबार इरानमा आक्रमण गरेको थियो भने त्यसको जवाफमा इरानले कुवेत र बहराइनस्थित अमेरिकी सैन्य लक्ष्यमा प्रहार गरेको जनाएको छ । तेहरानमा शनिबारदेखि सुरु भएको अन्त्येष्टि कार्यक्रमपछि खामेनीको पार्थिव शरीर इराक ल्याइएको हो । विश्वभरका शिया मुस्लिमका लागि अत्यन्त पवित्र मानिने नजाफमा मङ्गलबार पार्थिव शरीर पुगेपछि हजारौँ समर्थकले स्वागत गरेका थिए । इरानी राष्ट्रपति मसुद पेजेस्कियान, विदेशमन्त्री अब्बास अराघची तथा अन्य वरिष्ठ अधिकारीले शवयात्रामा सहभागिता जनाएका थिए । इस्लामिक गणतन्त्रको झण्डाले ढाकिएको काँचको कफिनमा राखिएको पार्थिव शरीरलाई श्रद्धाञ्जली दिन समर्थकहरूको ठूलो भीड जुटेको थियो ।
नजाफस्थित इमाम अलीको पवित्र मन्दिरमा वरिष्ठ धर्मगुरु मुहम्मद ताकी अल–हाकिमले अन्त्येष्टि प्रार्थनाको नेतृत्व गरे । कफिन मन्दिरतर्फ लैजाँदा श्रद्धाञ्जली अर्पण गर्न आतुर भीडले धक्का दिएपछि अवस्था केहीबेर नियन्त्रणबाहिर गएको थियो । कफिन ढल्न सक्ने अवस्था आएपछि शव बोक्ने टोलीले त्यसलाई तल झारेर सुरक्षित रूपमा अगाडि बढाएको थियो । अन्त्येष्टिमा सहभागी जाफर जवादले खामेनीको पार्थिव शरीर नजाफ ल्याइनु इराकका लागि ठूलो सम्मान भएको बताउँदै उनीप्रति आफ्नो निष्ठा कायम रहने प्रतिक्रिया दिए । त्यसपछि पार्थिव शरीर कर्बला लगिएको थियो । इमाम हुसेनको समाधिस्थल रहेको कर्बलामा पनि हजारौँ समर्थक उपस्थित भएका थिए । इराकका प्रमुख शिया धर्मगुरुका प्रतिनिधि अब्दुल महदी अल–कारबालेईले त्यहाँ अन्त्येष्टि प्रार्थनाको नेतृत्व गरे । यहाँ पनि श्रद्धाञ्जली दिन भीड अत्यधिक भएपछि कफिन पटक–पटक हल्लिएको थियो । आयोजकहरूले स्थिति नियन्त्रणमा लिन कफिनलाई भुइँमा राखेर श्रद्धाञ्जलिको व्यवस्था मिलाएका थिए । यसैबीच, इरानका नयाँ सर्वोच्च नेता आयातोल्लाह मोजताबा खामेनी अन्त्येष्टि कार्यक्रममा सहभागी भएका छैनन् । आफ्ना पिताको ज्यान गएको हवाई आक्रमणमा घाइते भएपछि उनी सुरक्षित स्थानमा रहेको अनुमान गरिएको छ । रासस

# चितवनका सबै पालिकामा विशेषज्ञ सेवा विस्तार गर्दै भरतपुर अस्पताल

**चितवन ।**
भरतपुर अस्पतालमा बिरामीको चाप बढेपछि जिल्लाका सबै पालिकामा विशेषज्ञ सेवा विस्तार गर्ने योजना अघि बढाएको छ । भरतपुर महानगरपालिका, राप्ती, कालिका, रत्ननगर खैरहनी, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकामा भरतपुर अस्पतालका चिकित्सकद्वारा बहिरङ्ग सेवा (ओपिडी) सञ्चालन गर्ने योजनाअघि बढाएको हो । अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा विश्वबन्धु बगालेले भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीसहितको टोलीसँग शारदानगर हेल्थपोष्ट स्थलगत अध्ययन गरेको छ ।
बगालेले उक्त हेल्थपोष्टमा भरतपुर अस्पतालका विशेषज्ञ चिकित्सक पठाउने गरी तयारी भइरहेको बताए । उनले भने, “भरतपुर महानगर सकारात्मक भएकाले छिट्टै काम अघि बढाउँछौँ । उनले सात पालिकाका प्रमुख तथा उपप्रमुखसँग आवश्यक छलफल अघि बढाइएको बताए । उनले भने, स्थानीयस्तरमै नागरिकलाई भरतपुर अस्पतालको सेवा हामी दिँदैछौँ । उक्त अस्पतालमा प्राथमिक र विशेषज्ञ सेवा दिने भन्दै उहाँले भरतपुर अस्पतालले अति विशिष्टिकृत सेवालाई प्राथमिकतामा राखेर उपचार गर्ने बताए ।
डा बगालेले पालिकाको लगानीमा सञ्चालन भएका अस्पतालमा भरतपुर अस्पतालकै वरिष्ठ चिकित्सकले उपचार गर्ने भएपछि उपचारका लागि भरतपुर अस्पताल आउनुपर्ने बाध्यताको अन्त्य गर्न यो अभियान सञ्चालन गरिएको जानकारी दिए । पालिकाहरु सकारात्मक भएमा दुई वर्षमा भरतपुर अस्पताल आउने बिरामीको सङ्ख्या आधा घटाएर विशिष्टिकृत सेवामा जोड दिन सकिने बताए । भरतपुर अस्पतालमा दैनिक तीन हजार बिरामी बहिरङ्ग सेवा उपचारमा आउने गरेका छन् ।रासस

# ‘फैसला कार्यान्वयनसँग सम्बन्धित महत्वपूर्ण कानुनहरूको सँगालो’ सार्वजनिक



**काठमाडौँ ।**
सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले ‘फैसला कार्यान्वयनसँग सम्बन्धित महत्वपूर्ण कानुनहरूको सँगालो’ सार्वजनिक गरेको छ । सर्वोच्च अदालतमा आज आयोजित कार्यक्रममा अदालतमा मुख्य रजिष्ट्रार विमल पौडेलसहित सरोकारवाला व्यक्तिले उक्त सँगालो सार्वजनिक गरेका हुन् । नेपालको न्यायापालिकाको सुधार गर्दै प्रभावकारी फैसला कार्यान्वयनका लागि सँगालो महत्वपूर्ण दस्तावेज हुने बताउँदै मुख्य रजिष्ट्रार पौडेलले वास्तविक न्यायका लागि फैसला कार्यान्वयन प्रभावकारी रूपमा हुनुपर्नेमा जोड दिए ।
तथ्याङ्कअनुसार एक लाख २१ हजार वर्षभन्दा बढी कैद असुल हुन बाँकी रहेको उल्लेख गर्दै उनले करिब रु ३४ अर्ब बढी जरिवाना असुल गर्नुपर्ने अवस्था रहेको जानकारी दिए । प्रकाशित सँगालो फैसला कार्यान्वयनमा सहयोगी माध्यम बन्ने मुख्य रजिष्ट्रार पौडेलले विश्वास व्यक्त गरे । फैसला कार्यान्वयन न्यायालय एक्लैले चाहेर पनि सम्भव हुँदैन । यसमा नेपाल प्रहरी, स्थानीय तह, वडालगायत सम्बन्धित निकायको सहयोग जरुरी छ, उनले भने, राज्यको उपस्थिति र कानुनको शासन कायम गर्नका लागि पनि फैसला कार्यान्वयन जरुरी छ ।
फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक गजेन्द्रबहादुर सिंहले अदालतको जनआस्था वृद्धि फैसला कार्यान्वयनबाट हुने उल्लेख गर्दै कार्यसम्पादनलाई सहज र प्रभावकारी बनाउने उद्देश्यले सँगालो तयार गरिएको बताए । उनले भने, अदालतको फैसला छिटो कार्यान्वयन हुँदा पीडितले पनि छिटो न्याय पाउने भएकाले यो पुस्तक न्याय सम्पादन र फैसला कार्यान्वयनसँग सम्बन्धित व्यक्तिका लागि उपयोगी हुनेछ ।
फैसला कार्यान्वयनसँग सम्बन्धित संवैधानिक, ऐन, कानुन, नियममावली, निर्देशिका, नजीर र सर्वोच्च अदालतबाट भएका परिपत्रहरूको व्यवस्थालाई समेटेर यो पुस्तक तयार गरिएको छ । फैसला कार्यान्वयन गर्ने अधिकारी, न्यायालयका कर्मचारी, कानुन व्यवसायी, सरोकार भएका निकाय सबैलाई पुस्तक उपयोगी हुने सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले जनाएको छ ।रासस

# तीन दशकपछि पारिवारिक पुनर्मिलन भएपछि...



म्याग्दी ।
म्याग्दीको धौलागिरि गाउँपालिका–७ ताकमका कर्णबहादुर खत्रीको तीन दशकपछि पारिवारिक पुनर्मिलन भएको छ । सामाजिक सञ्जाल र मोबाइल फोनको माध्यमबाट ६० वर्षीय कर्णबहादुरले आफ्नो पुख्र्यौली थातथलो, दाजुभाइ र आफन्त खोज्दै ताकम आए । कामको खोजीमा भारतको सिलोङमा गएका बुबा मतीलाल खत्रीले त्यही बिहेवारी गरेर मलाई जन्माएको ११ दिनमा आमाको निधन भएको रहेछ, कर्णबहादुरले भने, बुबा घर फर्किएपछि मलाई रुपन्देहीको सियारी गाउँपालिका–६ स्थित मामाघरका हजुरबुबा र आमाले हुर्काउनुभएको थियो ।
तीस वर्षअघि जिल्ला सदरमुकाम बेनीमा ल्याएर दाजुभाइ र आफन्तले बुबाको नामबाट नागरिकता दिलाएपछि मामाघरमै फर्किएका कर्णबहादुर त्यसयता कसैको सम्पर्कमा नभएपछि परिवार र आफन्तहरुले माया मारिसकेका थिए । कर्णबहादुरका भाइ (फुपुका छोरा) भूमिराज केसीले केही दिनअघि ताकममा भएको कुलपूजामा सहभागी हुन श्रीमतीसहित दाजु थातथलो खोज्दै आइपुग्दा सबै दङ्ग र अचम्ममा परेको बताए । नागरिकता बनाएपछि मामाघरमै जानुभएका कर्णबहादुर दाइको अवस्था अज्ञात हुँदा हामीहरुले माया मारिसकेका थियौँ, उनले भने, जन्मथलो खोज्दै पुख्र्यौली थलोमा आइपुगेपछि हामीहरु सबै खुसी भएका छौँ । जन्मजात रुपमा दाहिने आँखा नदेख्ने कर्णबहादुरले २० वर्षअघि देब्रे आँखामा लागेको चोटको समयमै उपचार नपाउँदा दुवै आँखाको दृष्टि गुमेको बताए ।
रुपन्देहीमा रहेको नेत्रहीन सङ्घको कार्यालयमा बाँसको मुढा बुन्ने तालिममा सहभागी हुने क्रममा त्यही काम गर्ने दृष्टिविहीन डिलमाया चौधरीसँग कर्णबहादुरको चिनजान र १० वर्षअघि बिहेवारी भएको थियो । ३६ वर्षीया डिलमाया जन्मजात दृष्टिविहीन हुन् । शिक्षा शास्त्र सङ्कायमा स्नातक तह उत्तीर्ण गरेकी डिलमायाले सामाजिक सञ्जाल र वेबसाइटको माध्यमबाट श्रीमान् कर्णबहादुरको जन्मथलोको ठेगाना पहिचान गरेर सम्पर्कमा आएको बताए ।
डिलमायाको माइती र कर्णबहादुरका मावलीको संरक्षणमा रुपन्देहीको सियारीमा सामानको ‘मार्केटिङ’ गरेर जीविकोपार्जन गर्दै आएका उनीहरुको सात वर्षका छोरालाई नेत्रहीन सङ्घको समन्वयमा ललितपुरको छात्रावासमा बसेर अध्ययनको व्यवस्था मिलाइएको छ । सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता र पसलको ‘मार्केटिङ’ गरेर प्राप्त हुने ज्यालाबाट उनीहरुले घरव्यवहार चलाउँदै आएका छन् ।
आफन्त र दाजुभाइ भएकै ठाउँमा बसोबास गर्ने इच्छाअनुसार पुरख्यौली थलोमा आएका कर्णबहादुरको घरजग्गा र सम्पत्ति छैन । अध्यापन गराउन सक्ने शैक्षिक योग्यता, अध्यापन अनुमतिपत्र भएकी डिलमायाले जागिरको खोजीमा रहेको बताइन् ।
कर्णबहादुरका दिवङ्गत दाजुका छोरा बालकृष्ण खत्री ताकममा बसोबास गर्छन् । अर्की आमाबाट जन्मिएका भाइ पनि बेपत्ता रहेका भूमिराजले बताए । आफन्त खोज्दै आउनुभएका कर्णबहादुर दाइ र भाउजुको लागि ताकममै हामी आफन्तहरुले घडेरीको व्यवस्था गरेर घर बनाइदिने प्रयासमा छौँ, उनले भने, सुकुमवासी उनको आवास निर्माणका लागि वडा कार्यालय, गाउँपालिकादेखि राज्यका सम्बद्ध निकाय तथा दाताहरुबाट सहयोगको अपेक्षा गरेका छौँ ।रासस

# जरिवाना नतिर्ने दुई लाखभन्दा बढी चालकको सेवा रोक्का




**काठमाडौँ ।**
दुई लाख ६१ हजारभन्दा बढी सवारीचालकले जरिवानावापतको रकम राज्यकोषमा दाखिला नगरेको पाइएको छ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयलका अनुसार ती सवारी चालकलाई यातायात व्यवस्था कार्यालयबाट प्रदान गरिने सेवाबाट वञ्चित हुने छन् । त्यस्तो जरिवाना नतिर्ने चालकले नयाँ सवारीसाधन खरिद, सवारीसाधन नामसारी (खरिद–बिक्री), सवारीचालक अनुमतिपत्र (लाइसेन्स) नवीकरण तथा यातायात कार्यालयबाट प्रदान गरिने अन्य सेवा लिन पाउने छैनन् । लामो समयसम्म ती चालकले जरिवाना नतिरेपछि ट्राफिक प्रहरीले यातायात कार्यालयमा पठाएको विवरणका आधारमा सेवा रोक्का प्रक्रिया अघि बढिसकेको छ । उक्त जरिवानावापतको रकम दाखिला नगरेसम्म त्यहाँबाट पाउने विभिन्न सेवा रोक्का हुने प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।
जरिवानावापतको रकम पूर्णरूपमा बुझाएपछि मात्रै ती सेवा पुनः प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । यातायात व्यवस्था कार्यालयले अब कुनै पनि नयाँ सेवा लिनुअघि सम्बन्धित चालकले ट्राफिक जरिवानावापतको रकम राज्यकोषमा तिरेको पुष्टि अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । जरिवानावापतको रकम जम्मा गर्न बाँकीलाई मोबाइल सन्देश (एसएमएस) मार्फत जानकारी गराउने कार्य सुरु गरिएको छ ।
ट्राफिक प्रहरीका अनुसार यो कदम जरिवानावापतको रकम राज्यकोषमा जम्मा गर्ने अभियानलाई प्रभावकारी बनाउनका साथै ट्राफिक नियम पालना गर्ने संस्कृतिको विकास र सडक अनुशासन कायम गर्न लागू गरिएको जनाइएको छ ।
ट्राफिक नियम उल्लङ्घन गरी जरिवानावापत रकम राज्य कोषलाई नतिर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न यस्तो व्यवस्था प्रभावकारी हुने विश्वास गरिएको प्रवक्ता सुवेदीले बताए । उपत्यका ट्राफिक प्रहरी कार्यालयले ट्राफिक नियमको पूर्णपालना गर्न चालकलाई अनुरोध गरेको छ । रासस

# मनोरञ्जनका क्षेत्रमा मानव बेचविखन वृद्धि




**चितवन ।**
चितवन स्थित स्पा, होटल तथा मनोरञ्जन व्यवसायको तीव्र विस्तारसँगै आन्तरिक मानव बेचविखन र यौन शोषणको जोखिम बढ्दै गएको एक अध्ययनले देखाएको छ । ‘सामरी उत्थान सेवा’ ले तयार पारेको अध्ययन पत्रकार माझ भरतपुरमा सार्वजनिक गर्दै जातीय विभेद, हिंसा र बहिष्करणमा परेका दलित, लैङ्गिक तथा यौनिक अल्पङ्ख्यक (क्वीर) समुदायका ८५ प्रतिशत मानिस आन्तरिक मानव बेचविखन र यौन शोषणबाट पीडित बन्नुपरेको उल्लेख छ ।
संस्थाका कार्यक्रम प्रबन्धक शिवहरि ज्ञवालीले सन् २०२४÷२५ भरतपुर महानगरभित्र तीन वटा स्पा सञ्चालन रहेकोमा सन् २०२५/२६ मा त्यो संख्या २१ पुगेको छ, जुन ६०० प्रतिशतले वृद्धि भएको जानकारी दिए ।
उनले होटल, डान्सबार, दोहोरी र स्पाजस्ता मनोरञ्जन क्षेत्रको नियमनका लागि छुट्टै कानुन नहुनु तथा स्थानीय सरकार सञ्चालन ऐनले दिएको अनुगमन अधिकार प्रभावकारी रूपमा कार्यान्वयन नभएकाले बेचबिखन र यौन शोषणको जोखिम बढ्दै गएको बताए ।
अध्ययनमा सहभागी ६९ प्रतिशत दलित क्वीरले भोगेका हिंसा र विभेदका घटनालाई सञ्चार माध्यमले पर्याप्त प्राथमिकता नदिएको गुनासो गरेका थिए ।रासस

# सेतीखोला आयोजनाबाट विद्युत् उत्पादन सुरु

**कास्की ।**
कास्कीको पोखरा महानगरपालिका–३३ मा निर्माण सम्पन्न भएको २२ मेगावाट क्षमताको सेतीखोला जलविद्युत् आयोजनाले बिजुली उत्पादन सुरु गरेको छ । सेती खोला हाइड्रोपावर लिमिटेडद्वारा प्रवद्र्धित सो आयोजना विसं २०७८ मङ्सिरमा सुरु भएको हो । नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोलीले आयोजनाको निरीक्षण तथा परीक्षण गरेपछि उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा परीक्षणका रूपमा प्रवाह गर्न थालिएको प्रवद्र्धक कम्पनी निर्देशक दीपक बरालले जानकारी दिए ।
उनका अनुसार प्रारम्भिक रुपमा १५ दिन आयोजना परीक्षण अवधिमा रहनेछ । त्यसपछि नियमित व्यावसायिक उत्पादन सुरु हुनेछ । सो अवधिमा उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा प्रवाह गरिनेछ भने आयोजना र उपकरणको प्राविधिक परीक्षण गरिने छ । आयोजनाले गत मङ्सिरदेखि नै उत्पादन सुरु गर्ने लक्ष्य राखेको थियो । तर प्रसारण लाइन निर्माणसँग सम्बन्धित वन क्षेत्रको स्वीकृति प्रक्रियामा ढिलाइ हुँदा सम्पन्न गर्न विलम्ब भएको बताइन्छ । प्रसारण लाइनका लागि निर्माण गरिएका पाँच टावरमध्ये तीन वटा वन क्षेत्रमा परेकाले आवश्यक स्वीकृतिका लागि समय लागेको निर्देशक बरालको भनाइ छ ।
सेती खोला जलविद्युत् आयोजनाको बाँध पोखरा–३३ को तिकलाङमा निर्माण गरिएको छ । त्यहाँबाट तीन हजार १०६ मिटर लामो सुरुङमार्ग हुँदै पानी तल्लो पुँडीटारस्थित विद्युत्गृहमा पुर्याइएको छ । यहाँ ११÷११ मेगावाट क्षमताका दुईवटा ‘टर्वाइन’ जडान गरिएका छन् । आयोजनामा रु पाँच अर्ब पाँच करोड लगानी भएको छ । आयोजना व्यावसायिक रूपमा सञ्चालनमा आएपछि आगामी आर्थिक वर्षभित्रै सर्वसाधारणका लागि प्राथमिक शेयर (आइपिओ) निष्काशन गर्ने तयारी गरिएको छ ।
सेती नदीमा पछिल्लो समय विभिन्न क्षमताका जलविद्युत् आयोजना निर्माणका क्रममा छन् । गत वर्षदेखि भिजन लुम्बिनी ऊर्जा कम्पनीले प्रवद्र्धन गरेको २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजनाले व्यावसायिक उत्पादन गरिसकेको छ । हाल आधा दर्जन आयोजना निर्माणको प्रारम्भिक चरणमा र केही निर्माणाधीन छन् ।रासस

# महीलाई प्रवर्द्धन गर्दै गैँडाकोट नगरपालिका

**नवलपरासी ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोट नगरपालिकाले स्थानीय उत्पादनको रुपमा रहेको महीलाई प्रवद्र्धन गर्दै आएको छ । पालिकाले आयोजना गर्ने सार्वजनिक कार्यक्रममा अन्य पेय पदार्थलाई निरुत्साहित गर्दै महीलाई प्रवद्र्धन गरिएको पालिकाले जनाएको छ ।
गैँडाकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामगादेले बजारमा पाइने पेय पदार्थलाई निरुत्साहित गर्दै स्थानीय उत्पादनको रुपमा रहेको महीलाई प्रवद्र्धन गरिएको बताए । “हामीले पालिकाको हरेक कार्यक्रममा सहभागीलाई महीले स्वागत गर्दै आएका छौँ”, उनले भने, “सार्वजनिक कार्यक्रममा केमिकलयुक्त पेय पदार्थको साटो मही प्रयोग गर्दा स्थानीय किसानलाई समेत लाभ पुग्ने गरेको छ ।” पालिकाले महीलाई प्रवद्र्धन गर्ने नीति लिएको भए पनि कार्यपालिका बैठकबाट भने निर्णय गर्न बाँकी रहेको उनले बताए ।
महीलाई प्रवद्र्धन गर्न भनेर हामीले सञ्चालन गर्ने सार्वजनिक सुनुवाई, नगरसभासहितका अन्य सार्वजनिक कार्यक्रममा बहुराष्ट्रिय कम्पनीका पेय पदार्थलाई प्रयोग गरेका छैनौँ, उनले भने, तर, नीतिगत रुपमा भने त्यस्ता पेय पदार्थलाई प्रतिबन्ध गरिएको छैन । यद्यपि व्यवहारमा भने प्रतिबन्धित जस्तै छ । अघोषित रुपमा गैँडाकोटले बहुराष्ट्रिय कम्पनीको ‘कोल्ड ड्रिङ्स’ निषेध गरेको उनले बताए । स्थानीय किसानको उत्पादन दही र महीलाई प्रोत्साहन गर्न पालिकाले गर्मीको समयमा महीले पाहुनालाई स्वागत गर्न लागेको लामगादेको भनाइ छ ।
किसानलाई फाइदा पुगोस् भनेर कार्यक्रममा मही प्रयोग गर्न लागिएको उनले बताए । गर्मीमा प्रयोग गरिने ‘कोल्ड ड्रिङ्स’ भन्दा दही र मोही प्रयोग गर्न सके स्थानीय उत्पादनको प्रवद्र्धन गर्न सकिन्छ भनेर हामीले यसलाई प्रवद्र्धन गरेका हौँ, उनले भने, अब यसलाई नीतिगत रुपमा नै अगाडि बढाउने तयारी गरेका छौँ ।
आयुर्वेद चिकित्सक डा कोपिला अधिकारीले मही सेवनको लागि मिठो हुने मात्र नभई स्वस्थ रहन र कतिपय रोगबाट छुटकारा पाउनका लागी पनि उत्तम मानिने बताइन् । आयुर्वेदमा महीलाई तक्र भनिने उल्लेख गर्दै उनले महीमा सक्खर वा मिश्री मिलाएर खानाले रसायनको काम गर्दै शरीरलाई आनन्द दिनुका साथै वात, पित्त निवारण हुने बताइन । मही सेवन गर्ने तरिकाबारे उल्लेख गर्दै डा अधिकारीले भनिन्, एक गिलास महीमा एक÷दुई चिया चम्चा जीरा अथवा मिठा सुपको धुलो मिसाएर पिउँदा यसले स्वास्थ्यलाभ मिल्छ ।
वात दोष प्रकुपित भै शरीर दुख्ने, पेट दुख्ने, पेट फुल्ने आदि भएमा अम्ल रस युक्त महीमा चिया चम्चाको एकचौथाइ सुठो एवं सिधे नुन मिलाएर पिउँदा फाइदा पुग्ने उनको भनाइ छ । मही सेवन शितकाल, अग्निमान्ध्य, वात रोग, अरुचि, ग्रहणी, अर्श, फिस्टुला, फिसर, मधुमेह, अतिसार, स्नायुदौर्वल्य आदिमा अमृत समान लाभदायक हुने उनले बताइन् । तर, ग्रिष्म ऋतु, दुर्बल व्यक्ति, मुर्छा, भ्रम, दाह तथा रक्तपित्त रोग भएका व्यक्तिले मही सेवन गर्न नहुने उनको भनाइ छ । नियमित रुपमा महीको सेवन गर्नाले शरीरको आमपाचन एवं शोधन भई शरीरमा विषाक्त तत्व जम्मा हुन पाउँदैन, तसर्थ विविध किसिमका रोगहरुबाट बच्न मद्दत पुर्याउँछ, उनले भनिन् । गर्मी महिनामा तयारी जुसहरुको सेवन गर्नुभन्दा मही पिउनु धेरै राम्रो हुने उनले बताइन् । उनले महीको गुणस्तरमा भने ध्यान दिनुपर्ने बताइन् ।रासस

# कालिकामाई गाउँपालिकाः कर्मचारी कुटिएको घटनामा मुद्दा दर्ता नगरेको भन्दै जिप्रका अगाडि धर्ना



**मधेशदृष्टि**
**वीरगंज।**
कर्मचारीलाई कुटपीट गर्ने वडाअध्यक्ष विरुद्ध प्रहरीले मुद्दा दर्ता नगरेको भन्दौ कालिकामाई गाउँपालिकाका आन्दोलनरत कर्मचारीहरूले विहीवार जिल्ला प्रहरी कार्यालय पर्सामा धर्ना दिएकाछन् । पर्साको कालिकामाई गाउँपालिकामा कम्प्युटर अपरेटर चन्दन कुमार चौरसियामाथि कार्यालयभित्रै भएको कुटपिट घटनाको विरोधमा गाउँपालिकाका कर्मचारीहरू तीन दिनदेखि आन्दोलनमा उत्रिएका हुन्।

दोषीमाथि कडा कानुनी कारबाहीको माग गर्दै कर्मचारीहरूले पेनडाउन आन्दोलन जारी राखेका छन् । गत मंगलबार कार्यालय समयमै गाउँ कार्यपालिकाको कार्यालयभित्र चौरसियामाथि वडा नं. ३ का वडाध्यक्ष सहित केही उत्सृङ्खल युवकहरूको समूहले कुटपिट तथा दुव्र्यवहार गरेका थिए । घटनाको तीन दिन बितिसक्दा पनि प्रहरीले किटानी जाहेरी दर्ता नगरेको र मुख्य आरोपितहरूलाई पक्राउ नगरेको भन्दै आन्दोलनरत कर्मचारीहरूले बिहीबार जिल्ला प्रहरी कार्यालय पर्सा अगाडि धर्ना दिएका छन्।

यता जिल्ला प्रहरी कार्यालय पर्साले भने घटनामा संलग्न रहेको आरोपमा कालिकामाई गाउँपालिका–२ निवासी रामबालक साह कानु र अरविन्द चौरसियालाई नियन्त्रणमा लिएर अभद्र व्यवहार मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको जनाएको छ। घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी तथा अनुसन्धान जारी रहेको प्रहरीले भनाई छ। कर्मचारीहरूका अनुसार कालिकामाई गाउँपालिका–३ का वडाध्यक्ष सञ्जय कुमार पटेल, गाउँपालिका–२ निवासी आफूलाई जेनजी अगुवा बताउने राजनिश कुशवाहा तथा हिरालाल राउत कुर्मीविरुद्ध आपराधिक उपद्रव मुद्दामा किटानी जाहेरी दिइएको भए पनि प्रहरीले दर्ता गरेको छैन्।

घटनाको सीसीटीभी फुटेजमा समेत कुटपिट स्पष्ट देखिएको दाबी गर्दै कर्मचारीहरूले प्रहरीले निष्पक्ष रूपमा अनुसन्धान नगरेको आरोप लगाएका छन् । कर्मचारीहरूले सोही दिनदेखि गाउँपालिकाको सम्पूर्ण प्रशासनिक कामकाज ठप्प पारेका हुन् । आन्दोलनका कारण बुधबारदेखि गाउँपालिका अन्तर्गतका विद्यालय तथा स्वास्थ्य चौकीसमेत बन्द रहेका छन् । कर्मचारीहरूले सरकारी कार्यालयमा कार्यरत कर्मचारीमाथि कार्यालय समयमै योजनाबद्ध रूपमा भएको आक्रमण सम्पूर्ण कर्मचारी समुदायमाथिको आक्रमण भएको बताएका छन्।

उनीहरूले दोषीलाई संघीय कानुनबमोजिम कडा कारबाही गर्न, सरकारी कर्मचारीको सुरक्षा सुनिश्चित गर्न तथा घटनामा संलग्न सबैलाई कानुनी दायरामा ल्याउन माग गरेका छन् । प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारीले उक्त घटनाले कर्मचारीहरूको मनोबल कमजोर बनाएको, प्रशासनिक कामकाज प्रभावित भएको र सुशासनमा समेत नकारात्मक असर परेको बताए । गाउँपालिका अध्यक्ष बशिष्ट कुमार गुप्ताले कर्मचारीमाथि जुनसुकै बहानामा गरिएको कुटपिटको घटना निन्दनीय भएको भन्दै घटनामा संलग्न जो–कोही भएपनि कानुनअनुसार कारबाही हुनुपर्ने बताए।

# मिटरब्याज पीडितको तेस्रो पैदल न्याय मार्च सुरु




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मिटरब्याज पीडितहरूले आफ्नो माग पूरा गराउन जनकपुरधामबाट तेस्रो पैदल न्याय मार्च सुरु गरेका छन् । मिटरब्याजविरुद्ध किसान–मजदुर आन्दोलनको अगुवाइमा तिरहुतिया गाछीबाट काठमाडौं केन्द्रित न्याय मार्च सुरु गरिएको हो । न्याय मार्चको उद्घाटन गर्दै आन्दोलनका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहले साहु–महाजनले फर्जी कागजातका आधारमा अदालतमार्फत किसानलाई भूमिहीन बनाइरहेको आरोप लगाए । उनका अनुसार फर्जी तमसुकको प्रयोग गरेर किसानको जग्गा हडप्ने र उनीहरूलाई आफ्नै भूमिबाट बेदखल गर्ने प्रक्रिया तीव्र बनाइएको छ।

कुशवाहले बदनियतपूर्वक किसानको भूमि खोस्ने कार्य भइरहेकाले आफूहरू आन्दोलनमा उत्रिन बाध्य भएको बताए।

उनले मिटरब्याज पीडितको न्यायका लागि सबै एकजुट भएर आन्दोलनलाई थप सशक्त बनाउन आवश्यक रहेको पनि उल्लेख गरे । कार्यक्रममा अभियन्ता निर्ग नवीनले रास्वपा नेतृत्वको सरकारले मिटरब्याज पीडितको समस्या समाधान गर्ने प्रतिबद्धता जनाए पनि त्यसबाट पछि हटेको आरोप लगाए।

उनले भने, 'प्रधानमन्त्री बालेन शाहले यही तिरहुतिया गाछीको मैदानमा 'काठमाडौं अधिकार माग्न होइन, पशुपति दर्शन गर्न जानुस्' भनेका थिए । तर आज हामी आफ्नै न्यायका लागि काठमाडौं जान बाध्य भएका छौं ।' नवीनले वर्तमान सरकारले मिटरब्याज पीडितको समस्या समाधानतर्फ कुनै चासो नदेखाएकाले जनकपुरधामबाट तेस्रो पैदल न्याय मार्च सुरु गरिएको बताए। उनले सिंहदरबार घेराउ गरेर सरकारसमक्ष आफ्ना माग र पीडा सुनाउने तयारी रहेको पनि जानकारी दिए।

पैदल न्याय मार्च सुरु गर्नुअघि मिटरब्याज पीडितहरूले तिरहुतिया गाछीमा मशाल प्रदर्शन गरेका थिए । उनीहरूले फर्जी तमसुकको कागजात जलाउँदै आन्दोलनलाई थप सशक्त बनाउने घोषणा पनि गरेका थिए।

# बालसैनिकको प्रयोगलाई कसुर मान्ने कानून बनाउन माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापन



**मधेशदृष्टि**
**काठमाडौँ।**
सशस्त्र द्वन्द्वकालमा बालसैनिकको प्रयोगलाई कसुर मान्ने गरी कानुन बनाउन माग सहित पूर्व बालसैनिक र अधिकारकर्मीहरूले प्रधानमन्त्री बालेन शाहलाई ज्ञापनपत्र बुझाएका छन्।

उनीहरूले सशस्त्र द्वन्द्वकालमा युद्धरत पक्षले बालसैनिक प्रयोग गरेकाले त्यसमा संलग्नहरूलाई कारवाहीका लागि कानुन निर्माण हुनुपर्ने माग सहित सर्वोच्च अदालतमा निवेदन दिएका थिए । सर्वोच्च अदालतले २८ जेठमा बालबालिकालाई सैन्यबलमा समावेश गर्ने कामलाई गम्भीर मानव अधिकार उल्लंघनको परिभाषाभित्र समावेश हुने गरी कानन बनाउन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । सशस्त्र युद्धका बेला माओवादीले १८ वर्षमुनीका बालबालिकाको प्रयोग गरेको तर राजनीतिक सुविधाका लागि बालबालिकाहरूलाई सैनिक बनाउनेलाई बारम्बार उन्मुक्ति दिइएको भन्दै उनीहरूले अब कानुन बनाउन र त्यसअनुसार कार्यान्वयन गर्न माग गरेका हुन्।

संक्रमणकालीन न्यायसम्बन्धी ऐन र हरेक पटक त्यसको संशोधन गर्दा सशस्त्र द्वन्द्वमा बालसेनाको प्रयोगलाई छल्ने काम भइरहेको भन्दै उनीहरूले सर्वोच्च अदालतले २८ जेठमा गरेको फैसला कार्यान्वयन गर्न माग गरेका हुन्।

## मोटरसाइकलमा 'ह्वील लक' लगाएपछि

# शरीरमा पेट्रोल छर्केर आत्मदाहको प्रयास

**मधेशदृष्टि**
**काठमाडौँ।**
काठमाडौँको त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि बिहीबार दिउँसो आफ्नै शरीरमा पेट्रोल छर्केर आत्मदाहको प्रयास गर्ने युवकको पहिचान खुलेको छ । उनी मुगु जिल्लाको सोरु गाउँपालिका वडा नं. १ घर भई हाल भक्तपुर बस्दै आएका २५ वर्षीय गणेश नेपाली रहेका छन्। पेसाले पठाओ चालक रहेका नेपालीको काठमाडौँ महानगरपालिकाको नगर प्रहरीले मोटरसाइकलमा 'ह्वील लक' गरिदिएपछि उत्पन्न विवाद र आक्रोशका कारण उनले यस्तो आत्मघाती कदम चालेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। प्रहरी र प्रत्यक्षदर्शीका अनुसार, बिहीबार दिउँसो करिब पौने २ बजे विभागको ३ नम्बर गेट नजिकै निषेधित क्षेत्रमा मोटरसाइकल राखेको भन्दै नगर प्रहरीले उनको सवारीमा ह्वील लक लगाएको थियो।

आफु आर्थिक रुपमा अति कमजोर रहेको र आफ्नो रोजीरोटीको एक मात्र माध्यम मोटरसाइकलमा साँचो लागेपछि चिन्तीत र आक्रोशित बनेका नेपालीले सोही मोटरसाइकलबाट पेट्रोल निकालेर आफ्नै शरीरमा खन्याई आगो लगाएका थिए। घटनालगत्तै प्रहरी टोलीले आगो निभाएर उनलाई उद्धार गरी तत्काले महाबौद्धस्थित वीर अस्पताल पु¥याएको थियो।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एसपी पवनकुमार भट्टराईका अनुसार वीर अस्पतालको बर्न युनिटमा उपचाररत नेपालीको अवस्था निकै गम्भीर रहेको छ । उनको शरीरका विभिन्न भागहरू आगोले जलेका छन् भने उनी हाल सामान्य बोल्न सक्ने अवस्थामा रहेका छन्।

व्यस्त सार्वजनिक स्थलमा महानगर प्रहरीको कारबाही र त्यसपछि पठाओ चालकले आक्रोशमा लिएको यो आत्मघाती बाटोले सर्वसाधारणलाई स्तब्ध बनाएको छ भने प्रहरीले घटनाको थप सूक्ष्म अनुसन्धान गरिरहेको जनाएको छ।

नेपालीको स्वास्थ्य अवस्था गम्भीर

त्रिपुरेश्वरस्थित राहदानी विभागको तीन नम्बर गेटमा आत्मदाह प्रयास गरेका २५ वर्षका गणेश नेपालीको स्वास्थ्य अवस्था गम्भीर रहेको छ। अहिले उनको वीर अस्पतालमा उपचार भइरहेको छ।



उपचारमा संलग्न चिकित्सक डा. पीयूष दाहालका अनुसार शरीरको धेरै भाग जलेका कारण उनलाई सघन उपचार कक्ष मा राखेर उपचार भइरहेको छ। प्लास्टिक सर्जन डा. दाहालका अनुसार, बिरामीको अनुहार, घाँटी, छाती, दुवै हात तथा खुट्टाको केही भागमा समेत गम्भीर जलन भएको छ।

शरीरको करिब ६० प्रतिशत भाग जलेको प्रारम्भिक अनुमान गरिएको उनले बताए । बिरामीले सामान्य रूपमा बोल्न सक्ने अवस्था भएपनि स्वास्थ्य अवस्था अझै संकटपूर्ण रहेको डा. दहालले बताएका छन्।

# गाँजासहित प्रहरीको निगरानीमा परेको मोटरसाइकलका चालक पोखरीमा बेपत्ता



**मधेशदृष्टि**
**बिराटनगर।**
मोरङको विराटनगर महानगरपालिका–१८ भेडियारीस्थित पोखरीमा डुबेर एक युवक बेपत्ता भएका छन् । गाँजा बोकेको भारतीय नम्बर प्लेटको मोटरसाइकलबाट प्रहरीलाई छल्न खोज्ने क्रममा उनी पोखरीमा पसेपछि सम्पर्कविहीन भएका हुन्।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डीएसपी सन्तोष श्रेष्ठका अनुसार बुधबार बीआर ५० एएल ३६८७ नम्बरको भारतीय मोटरसाइकललाई प्रहरीले शंकाको आधारमा रोक्न खोजेको थियो । तर चालक विराटनगर–१८ निवासी मञ्जितकुमार यादव मोटरसाइकल घटनास्थलमै छाडेर भागेका थिए । भाग्दै जाँदा उनी नजिकै रहेको पोखरीमा प्रवेश गरेपछि बेपत्ता भएको प्रहरीले जनाएको छ।

डीएसपी श्रेष्ठका अनुसार प्रहरीले मञ्जित पोखरीमा डुबेको प्रत्यक्ष रूपमा नदेखेपनि घटनास्थलमा रहेका स्थानीयले उनलाई पोखरीमा डुबेको जानकारी दिएपछि खोजी कार्य तीव्र पारिएको हो । बेपत्ता यादवको खोजीका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोली परिचालन गरिएको छ।

घटनाक्रमकै क्रममा मोटरसाइकलको पछाडि सवार रहेका एक भारतीय नागरिकलाई भने प्रहरीले नियन्त्रणमा लिन सफल भएको छ । पक्राउ पर्नेमा भारत, बिहार राज्यको सुपौल जिल्ला, गनौरा पञ्चायत–५ निवासी ४१ वर्षीय शिवधर यादव रहेका छन्।

प्रहरीका अनुसार शिवधर यादवको साथबाट ६ किलो १३० ग्राम गाँजा बरामद गरिएको छ। बरामद गाँजा र मोटरसाइकल नियन्त्रणमा लिएर उनलाई इलाका प्रहरी कार्यालय रानीमा राखी लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

उता, पोखरीमा बेपत्ता भएका मञ्जितकुमार यादवको अवस्था अझै अज्ञात रहेको छ । उनको खोजीका लागि सुरक्षाकर्मीहरूले पोखरी क्षेत्रमा निरन्तर खोज तथा उद्धार अभियान सञ्चालन गरिरहेका छन् । प्रहरीले घटनाको सम्पूर्ण पाटोमाथि अनुसन्धान जारी रहेको जनाएको छ। प्रारम्भिक अनुसन्धानका आधारमा लागूऔषध ओसारपसारसँग सम्बन्धित विषयलाई समेत केन्द्रमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

# एमाले संविधान संशोधन बहसपत्र तयारी कार्यदलबाट बाहिरियो

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) संविधान संशोधन बहसपत्र तयारी कार्यदलबाट बाहिरिएको छ।

संशोधनका लागि बहसमा ल्याइएका विषयहरू संघीय लोकतान्त्रिक गणतन्त्रको विरूद्धमा देखिएको र पार्टीको प्रस्ताव अनुसार सरकारका तर्फबाट कुनै स्पष्ट जवाफ नआएकाले एमाले कार्यदलबाट बाहिरिएको महासचिव शंकर पोखरेलले जानकारी दिए।




यसैबीच नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले नेकपाका पोलिटब्युरो सदस्य डिबी कार्कीसहित ६ जना केन्द्रीय सदस्यलाई एमालेमा स्वागत गरेका छन् । बिहीबार च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा ओलीले नवप्रवेशी नेताहरूलाई पार्टीमा स्वागत गरेका हुन्।

एमालेमा प्रवेश गर्नेमा डिबी कार्कीसँगै राधेश्याम गुप्ता (रुपन्देही), विद्याप्रसाद शर्मा (दैलेख), वामदेव गौतम (दाङ), भोला बराल (मोरङ), दीपक इटानी (धादिङ) र रवीन्द्र बम (बैतडी) रहेका छन्।

## कुलमान घिसिङको पालामा खरिद भएका

# ट्रान्सफर्मरको गुणस्तर परीक्षणको तयारी

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक तथा पूर्वऊर्जामन्त्री कुलमान घिसिङको कार्यकालमा खरिद भएका ट्रान्सफर्मरको गुणस्तर परीक्षण गर्ने तयारी सरकारले गरेको छ।

पछिल्लो समय विद्युत् आपूर्तिमा पटक–पटक अवरोध देखिएपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विगतमा खरिद भएका ट्रान्सफर्मरको गुणस्तरबारे छानबिन अघि बढाउने तयारी गरेको हो। देशभर जडान भएका ट्रान्सफर्मरमध्ये 'र्‍यान्डम' रूपमा नमुना छनोट गरेर परीक्षण गर्ने तयारी हुँदै छ।

त्यस निम्ति ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ नै सक्रिय भएका छन्। मन्त्रालय स्रोतका अनुसार, परीक्षणबाट प्राप्त नतिजाका आधारमा आवश्यक परे थप प्राविधिक छानबिन र जिम्मेवार निकाय तथा आपूर्तिकर्तामाथि कारबाही प्रक्रिया अघि बढाइनेछ। विद्युत् प्राधिकरणको तथ्यांक अनुसार, देशभर ४८ हजार ६२५ ट्रान्सफर्मर छन् । तीमध्ये कुन अवधिमा खरिद ट्रान्सफर्मरमा बढी समस्या देखियो भन्ने पहिचान परीक्षण गर्ने योजना छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन